# भूमिअधिकार

वर्ष ८, पूर्णाङ्क २२, मङ्सिर २०६७



## भूमिसुधारको राजनीति




सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

# भूमिअधिकार

वर्ष ८, पूर्णाङ्क २२, २०६७ मङ्सिर (December 2010)

## सामाजिक लेखाजोखा

२६



### आमा बुबा भन्नु नै ..........

८ वर्षको हुँदासम्म आमा-बाबुसँगै बसें । त्यसपछि काम गर्न सक्ने भइसकी भन्दै जमिनदारकी बहिनी हिरा जोशीको घरमा पठाइयो । त्यहाँ बच्चा खेलाउने, भाँडा माझ्ने, घाँस काट्ने, भैंसी चराउने, मालिकका बच्चाका लागि स्कुलमा खाजा पुऱ्याउने जस्ता काम गर्नुपर्थ्यो....................२०

## उखडापीडित किसानद्धारा...

२९




१९




दलहरूमा भूमिसुधारको ऐजेण्डा ........................ ३

हदबन्दीभन्दा बढी जमिनको क्षतिपूर्ति : दिने कि नदिने ?...१०

भित्ताको किसान ........................ ११

भूमिसुधारबाट पछि हट्दै नेपाली काङ्ग्रेस ........................ १४

खाद्य, भूमि र कृषि ........................ १६

नयाँ बजेटमा भूमि र कृषि कार्यक्रम ........................ १७

आन्दोलनको अगुवा ........................ १९

पदमकुमारीमा आएको परिवर्तन ........................ २१

सङ्गठन र सामूहिक खेती ........................ २२

आन्दोलन यात्रा ........................ २३

यताउताबाट ........................ २४

सङ्गठन गतिविधि ........................ ३०

यस पटकको पुस्तक ........................ ३१

पाठकको पातो ........................ ३२


प्रकाशकः
**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
पो.ब.नं : १९७९०, धापासी, काठमाडौं, नेपाल
फोन : ९७७-०१-४३६०४८६, ४३५७००५, फ्याक्स : ४३५७०३३
E-mail : landrights@csrcnepal.org, Website : www.csrcnepal.org

# भूमि मुद्दालाई प्राथमिकता देउ

भूमि समस्या कुनै व्यक्ति विशेषको भन्दा पनि सिङ्गै मुलुकको हो । यस अर्थमा भूमि समस्या न कुनै दलको हो, न कुनै वर्गको । न कुनै लिङ्गको हो, न कुनै धर्मको । न गरीबको हो, न धनीको । यो कुनै क्षेत्र विशेषको मात्र समस्या पनि हैन ।

भूमिहीनका समस्या भन्नु नै भूमिवालासँग अन्तरसम्बन्धित भएकाले यो समस्या ज्युका त्युँ रहुन्जेल यसले सबैको टाउको खाइरहन्छ । यसरी हेर्दा भूमिको समस्या नेपालका औंलामा गन्न सकिने केही समस्यामध्ये पर्छ, जसको उचित निकासविना नयाँ नेपाल परिकल्पनासमेत हुन सक्दैन ।

तर यति महत्वपूर्ण विषय भए पनि यो दलहरूको प्राथमिकतामा भने पर्न सकेको छैन । उनीहरूले गर्ने विभिन्न कामको सूचीमा भूमि र कृषकका समस्याले स्थान पाए पनि त्यो पुछारतिर पर्ने गरेको छ । त्यो पनि मुलुकको जल्दोबल्दो समस्या भएको र चुनावी भाषणहरूमा व्यक्त गरिएका प्रतिबद्धता जीवितै छन् है भन्नका लागिमात्र उल्लेख गर्ने गरेको पाइन्छ ।

उनीहरूले घोषणपत्र र लिखित दस्तावेजहरूमा व्यक्त गर्ने गरेका प्रतिबद्धता र सत्तामा पुग्दा गर्ने कार्यान्वयनबीच निकै ठूलो खाडल देखिने गरेको छ । यही कारण सोझै भन्न सकिन्छ कि उनीहरूको प्राथमिकतामा भूमिको एजेण्डा पर्न सकेको छैन । यतिमात्र हैन, उनीहरू बाहिर सार्वजनिकरूपमा जे भन्छन्, दलको आन्तरिक बैठक  र कार्यान्वयन निकायहरूमा त्यसलाई उठाउनसमेत हिच्किचाउँछन् भन्ने पनि प्रमाणित भइसकेको छ ।

उनीहरूले नै सबैका अगाडि बोलेका कुरा उनीहरू नै कार्यान्वयन निकायमा पुगेका बेला लैजाँदा मौन बस्नु वा नकारात्मक देखिनुले  दलहरूको विश्वसनीयतामै प्रश्न उठ्ने गरेका छन् तापनि उनीहरूले यसलाई गम्भीररूपमा लिनुपर्ने ठानेका छैनन् ।

कृषिप्रधान देशका लाखौं किसानको समस्यासँग जोडिएको र मुलुकको आर्थिक मेरूदण्डको मुख्य अङ्गमाथिको हेलचेक्र्याइँले कसैलाई पनि फाइदा पुर्‍याउँदैन । प्रजातान्त्रिक मुलुकमा चुनिएका दलहरूले शासन गर्ने पद्धति हुन्छ । त्यसैले दलहरूले ठूला मुद्दामाथि आँखा चिम्लिनु भनेको मुलुकले त्यसलाई प्राथमिकता नदिनु हो । यस्तो अवस्थामा दलहरूको प्राथमिकतामा नपरेका मुद्दाले निकास पाउने सम्भावना रहँदैन् ।

त्यसैले साँढे २ करोड भन्दा बढी नेपालीसँग सरोकार राख्ने भूमिसम्बन्धी समस्या दलहरूको प्राथमिकतामा पर्नै पर्छ । झन् अहिले नयाँ संविधानमार्फत् नयाँ नेपाल सिर्जनामा सिङ्गो राष्ट्र जुटिरहेका बेला त भूमि समस्याले पहिलो स्थान पाउनैपर्छ । नत्र उनीहरूले थालेको यो ऐतिहासिक अभियान नै सङ्कटमा पर्ने निश्चित छ । त्यसैले पनि दलहरूले यस वास्तविकता बुझेर भूमिका समस्यालाई आफ्ना एजेण्डाको शिरमा राख्नैपर्छ ।

खासगरी संसदको सबैभन्दा ठूलो दल माओवादी, दोस्रो ठूलो दल कङ्ग्रेस र तेस्रो ठूलो दल एमालेले यो विषयमा निकै गम्भीर हुनु जरूरी छ । यसबाहेक तुलनात्मकरूपमा तराइमा भूमिको बढी समस्या देखिएका कारण मधेशवादी दलहरू पनि यो समस्यालाई निकास दिन उत्तिकै जिम्मेवार हुनुपर्नेमा विवाद छैन । यति दलहरू यो समस्यामा सहमत हुन सके अन्य दलको सहयोगमा भूमि समस्याले निकास पाउने सम्भावना रहन्छ । नत्र सबैले जप्ने गरेको नयाँ नेपाल पुरानोबाट अघि बढ्ने कल्पनासमेत नगरे हुन्छ । ●



# दलहरुमा
# भूमिसुधारको ऐजेण्डा

यतिखेर नयाँ नेपाल निर्माणका लागि भन्दै नयाँ संविधान बनाउने अभियानमा विधायकहरु लागिपरेका छन् । यस क्रममा उनीहरुले विभिन्न क्षेत्रमा नगरी नहुने व्यवस्थाका लागि लामो बहस चलाएका छन् । संविधानसभामा रहेका २५ दल अहिले विभिन्न समितिले तयार पारेको मस्यौदा निफनेर शुद्ध बनाउने कार्यमा लागेका छन् ।

यस्तै विभिन्न कोरा विषयमध्ये एउटा जमिनसँग सम्बन्धित छ । भूमि वा जमिन, कृषि वा कृषक, भूमिहीन वा कृषि मजदूर, जे भने पनि यी सबैको विषय उठानसँगै जोडिन आउँछ- भूमिअधिकारबाट वञ्चितहरुको समस्या । जसको उचित समाधानविना उनीहरुले चाहेको नयाँ नेपालको परिकल्पनामात्रै पनि असम्भव छ । त्यसैले यो गहन विषयप्रति गहन बहस र छलफल भई उनीहरुका समस्या सम्बोधन नहुने हो भने भूमिअधिकारबाट वञ्चितका लागि नयाँ नेपालको अभियान 'कागलाई बेल पाक्यो हर्ष न बिस्मात' त हुन्छ नै, साथै आर्थिक उन्नतिको मुख्य आधार कृषि पनि धर्मराउँछ ।

त्यसैले संविधानसभामा प्रतिनिधित्व गर्ने सबै दल र त्यसमा पनि मुख्य दलहरु यो विषयमा गम्भीर भएनन् भने उनीहरुले थालेको नयाँ नेपाल निर्माणको अभियान गन्तव्यमा नपुग्ने ठोकुवा गर्न सकिन्छ ।

> ***कृषिलाई मेरुदण्ड बनाउने कार्यमा अहोरात्र लागिपरेका भूमिहीन, कृषक, कृषि मजदुर, हली, मुक्त कमैया, हरुवाचरुवा, मोही जस्ता असङ्ख्य नागरिकमाथि दृष्टि पुग्न सकेको छैन ।***

मुलुकको मुख्य समस्यालाई पन्छाएर वा नजरअन्दाज गरेर गन्तव्यमा पुग्छु भन्नु आफैंमा मूर्खतासिवाय केही हुन सक्दैन । यस्तो अवस्थामा भूमि र यससँग जोडिएका समस्याबारे दलहरु गम्भीर हुनै पर्दछ ।

दलहरु भूमिका समस्याप्रति गम्भीर देखिएका छैनन् । उनीहरु कृषि मुलुकको आर्थिक मेरुदण्ड हो भन्ने बुझिरहेका भए पनि यो मेरुदण्डको मेरुदण्ड को हो भन्नेचाहिँ बुझ्न चाहिरहेका छैनन् । कृषिलाई मेरुदण्ड बनाउने कार्यमा अहोरात्र लागिपरेका भूमिहीन, किसान, कृषि मजदुर, हली, मुक्त कमैया, हरुवाचरुवा, मोही जस्ता असङ्ख्य नागरिकमाथि उनीहरुको दृष्टि पुग्न सकेको छैन । त्यसैले उनीहरुका समस्या यथावत् रहँदा मुलुककै प्रमुख आर्थिक धरोहर कसरी डग्मगाउँछ भन्ने पनि उनीहरुले मेसो पाइरहेका छैनन् ।

यिनीहरुको समस्या समाधानका लागि वर्षौंदेखि आवाज उठिरहँदा पनि समाधानतर्फ ध्यान नदिइनु गरिबहरु प्रतिको बेवास्ता हो । उनीहरु वर्षौंदेखि थिचिएका छन्, रातोदिन श्रम गर्दा पनि एक पेट खान पाएका छैनन्, अरुको जमिनमा पसिना बगाउन बाध्य छन् र पनि भोको पेट निदाउन बाध्य छन् । यसरी पुस्तौंदेखि पसिना बगाइरहेको जमिनमा आफ्नो भने स्वामित्व प्राप्त गर्न सकेका

छैनन् । जसले गर्दा कृषि क्षेत्रलाई उन्नत बनाइ मुलुकको आर्थिक विकासमा टेवा पुऱ्याउनेहरुकै हालत पनि दिन/प्रतिदिन नाजुक बन्दै गइरहेको छ । यस्तो अवस्थामा पनि उनीहरुमाथि कसैको दृष्टिगोचर हुन नसक्नु कम खेदजनक विषय हुन सक्दैन ।

## कस्ता छन् दलहरुका प्रतिबद्धता ?

### क) एनेकपा माओवादी

पछिल्लो चुनावमा जनताले दिएको मतलाई आधार मान्दा माओवादी यो मुलुकको सबैभन्दा ठूलो दल हो । त्यसैले माओवादीले यो समस्यालाई कसरी लिन्छ वा लिएको छ भन्ने कुराले ठूलो महत्व राख्छ । किनकि उसले चासो नदेखाइ वा अग्रसरता नलिई यो समस्याले निकास पाउने सम्भावना रहँदैन भन्दा पनि फरक पर्दैन । अर्कोतर्फ भूमिहीन वा भूमिअधिकारबाट वञ्चितहरुको आवाज उठाउने काममा आफू अग्रपङ्क्तिमा भएको दाबी गर्दै आएकाले पनि उसको भूमि प्राथमिकता सबैभन्दा चासोको विषय हुनुपर्ने हो ।

हुन त माओवादीले सशस्त्र सङ्घर्ष सुरु गर्नुअघि २०५२ माघ २१ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई तत्कालीन संयुक्त जनमोर्चा नेपालका नाममा ४० बुँदे मागपत्र बुझाएको थियो । जसमा जमिने जोत्नेको हुनुपर्ने उल्लेख छ । सामन्तको जमिन जफत गरेर भूमिहीन तथा सुकुम्बासीलाई दिनुपर्ने माग पनि उसले राखेको थियो । यतिमात्र हैन, दलाल तथा नोकरशाही पुँजीपतिको सम्पत्ति जफत गरी राष्ट्रियकरण गर्नुपर्ने माग पनि उसले त्यतिबेलै गरेको हो ।

#### चुनावी घोषणपत्रमा भूमिसुधार

७. मौलिक हकअर्न्तगत

- भूमिमाथि वास्तविक जोताहा किसानको अधिकार रहनेछ । (पेज १३)

१६. नयाँ सङ्क्रमणकालीन अर्थनीति

- अर्थतन्त्रमा सामन्तवादका सबै रुपहरु अन्त्य गरिनेछ । मुख्यतः भू-स्वामित्वको अन्त गर्दै जमिन जोत्नेको सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गरिनेछ । (पेज १५)
- जमिन जोत्नेको सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गर्दै समाजका सबै क्षेत्रमा विद्यमान सामन्तवादका अवशेषलाई निमिट्यान्न पारेर तीव्र आर्थिक विकासको आधार तयार गरिनेछ । (पेज २४, नयाँ नेपालको आर्थिक आधारअन्तर्गत)

२.० कृषि र वन शीर्षकअन्तर्गत

- सर्वप्रथम क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गरिनेछ । कृषिमा सामन्ती भूमि सम्बन्ध, गैरहाजिरी जमिन्दारी आदिको पूर्ण अन्त्य गरिनेछ । वास्तविक जोताहा, मोही, मुक्त कमैया, भूमिहीन किसान, गरीब किसानलाई निशुल्क जमिन वितरण गरिनेछ । तराई, पहाड र हिमालमा फरक फरक हदबन्दीको सीमा किटान गरेर लागू गरिनेछ । (पेज २६)

३.० महिला र बालबालिका शीर्षकअन्तर्गत

- जग्गाधनी लालपूर्जा र नागरिकतामा महिला, पुरुष दुवैको नाम उल्लेख गर्ने प्रावधान स्थापित गरिनेछ । (पेज ३३)

*स्रोत : संविधानसभा निर्वाचनको लागि एनेकपा माओवादीको प्रतिवद्दतापत्र, २०६४*

यसैगरी उसले संविधानसभाको निर्वाचनका बेला निकालेको घोषणापत्रमा पनि भूमिसम्बन्धी तिनै प्रतिबद्धता व्यक्त गरेको थियो । जसमा भूमिमाथि वास्तविक जोताहा किसानको अधिकार रहने, अर्थतन्त्रमा सामन्तवादका सबै रुप अन्त्य गरिने र मुख्यतः भू-स्वामित्व अन्त गर्दै जमिन जोत्नेको सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गरिने उल्लेख छ ।

यसैगरी जमिन जोत्नेको सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गर्दै समाजका सबै क्षेत्रमा विद्यमान सामन्तवादका अवशेषलाई निमिट्यान्न पारेर तीब्र आर्थिक विकासको आधार तयार गरिने पनि उसले जनाएको छ । साथै क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गरिने, कृषिमा सामन्ती भूमि सम्बन्ध, गैरहाजिरी जमिनदारी आदिको पूर्ण अन्त्य गरिने पनि उसले भनेको छ । वास्तविक जोताहा, मोही, मुक्त कमैया, भूमिहीन किसान, गरीब किसानलाई निशुल्क जमिन वितरण गरिने र तराई, पहाड र हिमालमा फरक फरक हदबन्दीको सीमा किटान गरेर लागू गरिने प्रतिबद्धता पनि उसले व्यक्त गरेको छ । जग्गाधनी लालपूर्जा र नागरिकतामा महिला, पुरुष दुवैको नाम उल्लेख गर्ने प्रावधान लागू गरिने भनाइ पनि उसको थियो । यसरी हेर्दा माओवादीले भूमिहीन वा भूमिअधिकारबाट वञ्चितहरुका समस्या समाधानका लागि निकै प्रतिबद्धता जनतासामु व्यक्त गरेको देखिन्छ । यद्यपी यि सबै प्रतिवद्धतालाई बिर्सेर माओवादीले भूमिलाई निजी सम्पत्ती मान्न तयार हुनुले भूमिसुधार गर्ने विषयमा गम्भिर चिन्ता बढेको छ ।

### ख) नेपाली कङ्ग्रेस

त्यसैगरी संविधानसभाको दोस्रो ठूलो दल नेपाली कङ्ग्रेसले पनि पार्टी स्थापनादेखि नै भूमि समस्याबारे वकालत गर्दै आएको छ । जसको जोत, उसको पोत नारा घन्काउँदै २०१५ सालमा दुई तिहाइ मत हासिल गर्न सफल कङ्ग्रेसले त्यसपछिका विभिन्न घोषणा तथा भाषणहरुमा पनि भूमिसम्बन्धी प्रतिबद्धता छुटाएको छैन ।

नेपाली कङ्ग्रेसको सन् १९५० मा प्रकाशित घोषणापत्रमै भनेको छ- वर्तमान अवस्थामा पाँच प्रतिशत व्यक्तिका हातमा देशका अधिकांश जमिन हुनु तथा बाँकी ९५ प्रतिशत व्यक्ति भूमिहीन रहनुलाई नेपाली कङ्ग्रेस अन्यायपूर्ण ठानेर घोर विरोध गर्दछ । नेपाली कङ्ग्रेसको विचारमा त्यस्तो अन्यायपूर्ण बन्दोवस्त हटाएर भूमिको पुनः न्यायपूर्ण वितरण हुनुपर्छ । नेपालको आर्थिक आधार खेती नै भएकाले वर्तमान अन्यायपूर्ण भूमि वितरणको ठाउँमा न्यायपूर्ण बन्दोबस्त हुनु नेपालका लागि सबभन्दा ठूलो आर्थिक क्रान्ति हुनेछ भन्ने ठहर नेपाली कङ्ग्रेसले गरेको छ ।



यसले देखाउँछ कि कङ्ग्रेसले यो विषयलाई धेरै पहिलेदेखि नै चिनेको छ र त्यसैअनुसार प्राथमिकता पनि दिँदै आएको छ । उसले जनतालाई यस क्रान्तिका लागि सचेत गर्दछ भन्दै आफ्नो विचारमा नेपाली जनताको दरिद्रताको सबै कारण नै आजको भूमि व्यवस्था हो भन्ने ठानेको छ । तसर्थ, यसलाई यथाशीघ्र बदल्नु छ भन्दै उतिबेलै कङ्ग्रेसले सरकारले ठूलाठूला जमिनदार र विर्तावालको जमिन परिश्रमी किसान वा खेत मजदुरलाई बाँडिदिनुपर्छ भन्ने विचार राख्नु चानचुन विषय थिएन । त्यसैगरी नेपालका जनताको आर्थिक अवस्था जमिनमाथि निर्भर रहेको वास्तविकता स्वीकार गर्दै उसले आफ्नो पहिलो घोषणापत्रमा उल्लेख गरेको गरिबी, अन्याय र शोषणको मूल कारक भूमिको अन्यायपूर्ण वितरण हो भन्ने सवाल आज पनि उत्तिकै सान्दर्भिक छ ।

त्यतिमात्र हैन, सन् १९६० अक्टोबर २७ मा तत्कालीन प्रधान मन्त्री विपी कोइरालाद्वारा भारतको बम्बई सहरमा आयोजित दोस्रो अखिल भारत नेपाल विद्यार्थी सम्मेलनको उद्घाटनका अवसरमा दिइएको भाषणमा तत्कालीन भूमि व्यवस्थाबाट समग्र समाजमा परेको प्रभाव तथा यसका लागि गर्नुपर्ने कार्यहरु बडो सरल तथा सटिक विश्लेषण गरिएको छ । सामन्ती व्यवस्था पुरानो समाजको व्यवस्था हो भन्दै हामीले जमिनको स्वामित्वका आधारमा हुने शोषण अन्त्य गर्दै जमिनको वास्तविक उपभोग गर्ने व्यक्ति अर्थात् जमिनमाथि किसानको अधिकार सुरक्षित पार्ने लक्ष्यपट्टि कदम चालिरहेका छौं भन्ने अभिव्यक्ति उनले दिएका थिए । यो लक्षित क्रान्तिकारी कदमबाट अहिले कायम रहेका जमिनको आधारमा बन्न गएका सम्बन्ध छिन्नभिन्न हुन्छन् भन्दै उनले त्यतिखेरै यस कदमले प्रत्येक गाउँमात्र होइन, प्रत्येक परिवारमा समेत प्रभाव पार्दछ भनेका थिए । वर्तमान निर्वाचित सरकारद्वारा भएको विर्ता उन्मूलन, अधिक जमिनमाथि लगाइएका कर र किसानलाई रसिद दिलाउने व्यवस्थाले देशमा ठूलो उथलपुथल हुन थालेको पनि उनले बताएका थिए । यतिबेला मात्र हैन, विपीले पछिल्ला भाषणहरुमा पनि इतिहासविरुद्ध विर्तावाल, भूपति र जमिनदारहरु संङ्गठन गर्दैछन् भनेर त्यसका विरुद्ध जनतालाई सचेत गराउने काम पनि गरेका थिए ।

यसै क्रममा उनले १९६० डिसेम्बर १५ मा तरुण दलको सम्मेलन उद्घाटन सत्रमा कृषि उत्पादनमा वैज्ञानिकीकरणका लागि सामन्ती व्यवस्था नै मूल बाधक हो भनी प्रष्ट धारणा राखेका थिए । सामन्ती व्यवस्थामा समाजले जमिनको पूर्णरुपमा उपभोग गर्न नसकेका कारण पनि जमिनलाई सामन्ती व्यवस्थाबाट मुक्त गर्न आवश्यक भएको उनको भनाइ थियो । 'समाजले जमिनबाट जति परिमाणमा उत्पादन प्राप्त गर्नुपर्छ, सामन्ती उत्पादन प्रणालीमा त्यति मात्रामा उत्पादन लिन सम्भव छैन । देशको दरिद्रता अन्त्यका लागि चाल्नुपर्ने सबैभन्दा पहिलो व्यावहारिक कदम सामन्ती उत्पादन व्यवस्थाको अन्त्य हो'- उनले भनेका थिए । कसैले समाजवादमा आस्था राखुन् वा नराखुन् तर सामन्ती व्यवस्था अन्त्यबिना र जमिनमा काम गर्ने कृषकलाई जमिनमाथिको पूर्ण स्वामित्व उपलब्ध नगराई देशले आर्थिक विकासको प्रथम कदम पनि चाल्न सक्दैन भन्ने उनको धारणा

### चुनावी घोषणापत्रमा भूमिसुधार

- समानता र समृद्धिका लागि लोकतन्त्र शीर्षकभित्र भूमिको उत्पादकत्व वृद्धि र सघन प्रयोग बढाउने गरी भूमिसुधार र भू-यपयोगको वैज्ञानिक नीतिका बारेमा राष्ट्रिय सहमति कायम गरिनेछ । (पेज १५)
- भूमिहीन, कमैया, वादी र अन्य सीमान्त समुदायको अधिकार, सामाजिक सुरक्षा र विकासलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । (पेज २९)

*स्रोत : नेपाली काँग्रेसको घोषणापत्र, २०६४*

अहिले पनि उत्तिकै सान्दर्भिक भएकोमा विवाद गर्नुपर्ने ठाउँ देखिन्न । त्यसैगरी सामन्ती व्यवस्था अन्त्य भएपछि मात्र कृषि उत्पादनमा वैज्ञानिक दृष्टिकोण अपनाउन सकिने र त्यसपछि मात्र आफ्नो भूमिको स्वामी बनेका स्वतन्त्र कृषक वर्ग स्वतन्त्र नेपाली समाजका बलिया स्तम्भ हुने उनको घोषणा अहिले पनि वास्तविक यथार्थ बनिरहन सकेका छन् । तर आजसम्म आईपुग्दा नेपाली काँग्रेसले भूमिसुधारलाई लगभग बिर्सेर एकोहोरो आर्थिक विकासको रटान लगाएको पाईन्छ । जुन समग्र नेपालीको लागी दुर्भाग्य नै मान्नु पर्दछ ।

### ग) नेकपा (एमाले)

नेकपा (एमाले) उसले पाएको पछिल्लो मतको आधारमा हेर्दा मुलुककै तेस्रो ठूलो दल हो । खासगरी जमिदारको विरोध गर्दै यही माहोलमा खडा भएको पार्टी भएकाले पनि यसले नेपाली भूमिहीन र कृषकका लागि केही गर्ने अपेक्षा यसको गठनदेखि नै हुँदै आएको हो ।

यो पार्टीको भातृ सङ्गठन अखिल नेपाल किसान सङ्घले लामो समयदेखि मोहीका रुपमा अर्काको जमिन कमाएका तर मोहियानी हक स्थापित नभएका मोही किसानलाई मोहियानी हक प्रदान गरी बराबरी जमिन दिएर दोहोरो नियन्त्रण प्रणाली अन्त्य गरियोस् भन्ने माग अघि सार्दै आएको छ । त्यसैगरी सम्पूर्ण भूमिहीन, गरिब किसान तथा कमैयालाई गरिखान पुग्ने जमिन प्रदान गरियोस् भन्ने माग पनि उसले उठाएको छ ।

किसानले जोती, भोगी आएका तर विभिन्न बहानामा दर्ता हुन नसकेका जमिनलाई जमिन भएकै ठाउँमा टोली पठाई सार्वजनिक सर्जमिन गरी जोत्नेको नाममा तत्काल दर्ता गर्ने, किसानले जोती, भोगी आएको गुठी जमिनको वक्यौता, कुत, तिरो सम्पूर्णरुपमा मिनाहा गरी जोती-भोगी आएका किसानकै नाममा तत्काल रैकरमा परिणत गर्ने र मठ-मन्दिर, गुम्बा, मस्जिदका लागि वैकल्पिक व्यवस्था गर्न उसले भन्दै आएको छ ।

> **चुनावी घोषणापत्रमा भूमिसुधार**
>
> - पुरानो उत्पादन सम्बन्धमा परिवर्तन ल्याउन वैज्ञानिक भूमिसुधार कार्यक्रम ल्याइनेछ र कृषिको आधुनिकीकरण र व्यवसायीकरणलाई उच्च प्राथमिकता दिइनेछ । (दफा १७, पेज १५)
> - विगतको उच्चस्तरीय भूमिसुधार आयोग तथा भविष्यमा बन्ने भूमिसम्बन्धी आयोगको सिफारिससमेतलाई ध्यानमा राख्दै वैज्ञानिकरुपमा भूमिको व्यवस्थापन, वितरण तथा उत्पादकत्व वृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
> - मुक्त कमैयालगायत् भूमिहीन-सुकुम्बासी जनतालाई जमिनका मालिक बनाई उनीहरुको बसोबास, शिक्षा र स्वास्थ्य जस्ता समस्या समाधान गरिनेछ । (पेज नं ३३ र ३४ क्रान्तिकारी भूमिसुधार र कृषिको व्यवसायीकरण शीर्षकमा)
>
> *स्रोत : चुनावी घोषणापत्र नेकपा (एमाले), २०६४*

यसबाहेक अहिलेसम्म रजौटा, चौतरिया, काजी खलकलगायत् विभिन्न विर्तावालका नाममा कायम रहेका तर जोताहाले जोत भोग गरिरहेका जमिन जोती भोगी आएका किसानका नाममा स्थलगत सर्वेक्षण गरी तत्काल दर्ता गर्न उसले आवाज उठाएको छ भने सम्पूर्ण असुरक्षित (बाढी, पहिरो तथा अन्य प्राकृतिक प्रकोपका कारण) बस्ती पहिचान गरी त्यहाँ बसोबास गर्ने जनतालाई सुरक्षित स्थानमा व्यवस्थितरुपमा बसोबास व्यवस्था गरियोस् भन्ने माग पनि उसले राख्दै आएको छ ।

यसैगरी देशभरि अलपत्र परेका, खेर गएका, बसोबास र खेतीपाती गर्न सकिने तर वन सिमानामा नपरेका जमिन तत्काल पत्ता लगाई त्यस्ता जमिन भूमिहीन किसानलाई प्रदान गर्ने, नदीको कटानबाट बनेको बगर जमिनलाई कृषि वनका रुपमा विकास गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने र उपयुक्त ठाउँमा भूमिहीन किसानलाई बसोबास व्यवस्था गराउने माग पनि उसको छ । यसरी नै मालपोत, नापी, भूमिसुधार कार्यालयसमेत सबै क्षेत्रमा हुने गरेका भ्रष्टाचार ढिलासुस्ती, भेदभाव अन्त्य गर्न विशेष व्यवस्था गर्नुपर्ने माग पनि उसको छ । साथै नेपाल कम्युनिष्ट पार्टी (एमाले) सरकारको समयमा सुकुम्बासी तथा भूमिहीन किसानलाई वितरण गरिएको जमिनको लालपूर्जा पाउने सबै गरिब तथा भूमिहीन किसानलाई विना झन्झट उनीहरूले हकभोग गर्ने वातावरण सिर्जना गर्नुपर्ने धारणा पनि उसले अघि सार्दै आएको छ ।

त्यसैगरी एमालेले आफ्नो सरकार बनेका बेला अर्थात् २०५१ सालमा उच्चस्तरीय भूमिसुधार आयोग बनाएको थियो तर तत्कालै सरकार ढलेकाले उसले चाहेर पनि यो प्रतिवेदन कार्यान्वयन गर्न सकेन । अहिले एमाले यही प्रतिवेदन लागू हुन सकेको भए आफूले भूमि समस्या समाधानका लागि निकास निकाल्न सक्ने दाबी गर्दै आएको पाइन्छ । भूमिसुधारको मुद्दामा एमाले अहिले लगभग काङ्ग्रेकै लाईनमा पुगेको हो की भन्ने टिप्पणीहरु भईरहेका छन् ।

### घ) अन्य वामपन्थी दलहरु

यसबाहेक अन्य दलले पनि भूमि समस्याबारे थोरथोर प्रयत्न गरेका छन् । तर नेपालको सन्दर्भमा समस्या के देखिएको छ भने जुन दल सत्तामा जाने सम्भावना छ, उनीहरुले कम क्रान्तिकारी नारा र प्रतिबद्धता अघि सार्ने गरेका छन् भने सत्तामा जाने सम्भावना नभएका वा एकदम कम भएका दलहरुले चर्का नारा अघि सार्ने गरेका छन् । यस्तो अवस्थामा नारा अघि सार्नेले सत्ता नपाउने र सत्ता पाउनेले नारा कार्यान्वयन नगर्ने स्थिति देखा पर्दै आएको छ ।

तापनि उनीहरुले अघि सारेका मागलाई कम आँक्न मिल्दैन । राष्ट्रिय जनमोर्चा नेपालले संविधानसभा घोषणापत्रमार्फत् किसानमाथिको सबै सामन्ती शोषण, उत्पीडन बन्द हुनुपर्ने माग अघि सारेको

## चुनावी घोषणापत्रमा भूमिसुधार

### राष्ट्रिय जनमोर्चा नेपाल

- कृषि र भूमिसुधारअन्तर्गत, किसानहरुमाथिको सबै सामन्ती शोषण, उत्पीडन बन्द हुनुपर्दछ। प्रतिगामी भूमि कानून सबै खारेज हुनुपर्दछ। हदबन्दीभन्दा बढी जग्गा बिना मुआब्जा जोताहा किसानहरुमा वितरण हुनुपर्दछ। हरुवा, चरुवा तथा कृषि मजदुरहरुको हकहित रक्षाका लागि कानून बन्नुपर्दछ। खेत मजदुरहरुका लागि न्युनतम ज्याला निर्धारण गरिनुपर्दछ। हलिया, सुकुम्बासी र कमैया समस्याको समाधानका लागि प्रभावशाली कदम उठाउनुपर्दछ। मुक्त कमैयाको पुनर्बास व्यवस्था गरिनुपर्दछ। मोहियानी हकको सुरक्षा हुनुपर्दछ। राजपरिवार, ठूला भूमिपति वा धार्मिक प्रतिष्ठान र गुठीको स्वामित्वमा रहेको जमिन वा अचल सम्पत्ति बिना मुआब्जा जफत गर्ने र भूमिहीन तथा गरीब किसान वर्गलाई निशुल्क वितरण गर्नुपर्दछ। जसको जोत, उसको पोतको नीतिअनुसार जोताहाहरुलाई जमिन प्रदान गर्नुपर्दछ। क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागू गर्नुपर्दछ।

### नेपाल कम्यूनिष्ट पार्टी (एकिकृत)

- जमिनमाथि रहेको सामन्ती भू-स्वामित्व पूर्णरुपमा अन्त्य गर्न जमिन जोत्नेको सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार लागू गर्ने र शाही परिवार, विर्ता, गुठी र ठूला सामन्तहरुको जमिन बिना मुआब्जा वास्तविक जोताहा, भूमिहीन तथा गरीब किसानहरुमा वितरण गर्ने।
- जमिनको न्यायपूर्ण वितरण गर्न नयाँ हदवन्दी कायम गरी बढी हुने जमिन जोताहा, भूमिहीन तथा गरीब किसानहरुलाई वितरण गरिनेछ।
- जमिनमा हाल भैरहेको खण्डीकरणलाई रोक्न चक्लाबन्दी र किसानहरुलाई सहकारी खेतीमा प्रोत्साहन गरी जग्गा विकास कार्यक्रम लागू गरिनेछ।
- भूमिहीन तथा गरीब किसानहरुलाई सबै प्रकारको ऋणबाट मुक्ति दिलाइनेछ। उनीहरुलाई राज्यले सस्तो दरमा सस्तो मूल्यमा मल बीउ, औजार आदि उपलब्ध गराउनुपर्ने र सिंचाईको भरपर्दो तथा कृषि उपजका लागि बजार व्यवस्था गरिनेछ।
- कृषि मजदुरहरुको उचित ज्याला, आठ घण्टाको कार्यदिवस र अन्य सुविधाहरुको व्यवस्था गरिनेछ। कृषिलाई साम्राज्यवाद चङ्गुलबाट मुक्त गरिनेछ।
- हलिया, कमैया, हरुवा, चरुवालाई रोजगारी र बसोबासको प्रत्याभूति दिइनेछ। सम्पूर्ण सुकुम्बासीहरु र मुक्त कमैयलाई बसोबासको व्यवस्था गरिनेछ।
- कमलरी र हलिया प्रथा उन्मूलन गरी उनीहरुको गास, बास र रोजगारको व्यवस्था गरिनेछ।

### नेपाल कम्युनिष्ट पार्टी (संयुक्त मार्क्सवादी)

- सामान्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने र वास्तविक जोताहा किसानलाई जग्गाको मालिक बनाउने कुरालाई उच्च प्राथमिकता दिइनेछ। अनुपस्थित जमिन्दारको सम्पूर्ण जग्गा र अन्य जमिन्दारहरुको हदबन्दीभन्दा बढी जग्गा वास्तविक जोताहा किसानको नाममा दर्ता गरिनेछ। यस क्रममा साविकको हदबन्दीको सीमा घटाइनेछ।
- खेतीयोग्य जग्गा बाँझो राख्न नपाइने कडा कानून बनाइनेछ। अन्न बालीको कुनै विकल्प नभएकाले, खाद्यान्न आधारभूत वस्तु भएकाले खाद्यान्न सम्प्रभूताको नीतिलाई समेत ध्यानमा राखेर खाद्यान्न उत्पादन र संरक्षणलाई विशेष प्रोत्साहन गर्नेछ। सम्पूर्ण गुठी जग्गा रैकरमा परिणत गरी मन्दिर, मस्जिद र गिर्जाघरका लागि राज्यले आवश्यक छुट्टै वैकल्पिक व्यवस्था गर्नेछ।
- सुकुम्बासी, कमैया, हलिया, हरुवा, चरुवालगायत्का आर्थिक सामाजिकरुपमा पछाडि परेका वर्गलाई जग्गा लगायत् आर्थिक, सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिई उनीहरुको बसोबास र रोजगारीको व्यवस्था गरिनेछ।

### नेपाल मजदुर किसान पार्टी

- जसको जोत, उसको पोत सुनिश्चित हुने गरी क्रान्तिकारी भूमिसुधार लागू गर्ने।
- सामन्ती भू-स्वामित्वकै कारण अत्यन्त अल्पमत सामान्तर जमिन्दार वर्गको हातमा देशको खेतीयोग्य भूमिको स्वामित्व कायम छ। त्यसैले देशका किसान जोताहाहरुको ठूलो भाग गरिबीमा छन् र खेतीको उत्पादकत्व सान्है न्युन हुँदैछ। भूमिको न्यायोचित वितरण र खेतीको उत्पादन वृद्धिका निम्ति क्रान्तिकारी भूमिसुधार लागू गरी जमिन जोत्नेको स्वामित्वमा दिने नीति निर्माण गर्नु आवश्यक छ।
- देशको अर्थतन्त्र, केही भूमिपति र पुँजीपतिहरुको नियन्त्रणमा रहेको हुँदा अत्यन्त बहुमत जनता गरिबी र अभावमा छटपटिएका छन् भने अल्पमत धनाढ्य र सम्भ्रान्त वर्गको हातमा असीमित सम्पत्ति थुप्रिएको छ। सम्पत्तिको सीमा तोक्ने बन्दोबस्त नहुँदा समाजमा आर्थिक विषमता बढेको छ भने समाजमा शोषण विरोधी भावना पनि विष्फोटक ढङ्गले अगाडि बढ्दैछ।

*स्रोत : संविधानसभा चुनाव २०६४ को घोषणा पत्रहरुबाट*

## जग्गामा क्षतिपूर्ति अनुचित

संविधानसभामा विवादित विषयको निर्क्योल गर्न गठित उच्चस्तरीय कार्यदलले जग्गा हदबन्दीमा सहमति गरेको छ। क्षतिपूर्ति दिने, नदिने विषयमा भने विवाद कायमै छ। भूमिसुधार गर्ने र हदबन्दी लगाउने विषमा सहमति भएपछि क्षतिपूर्तिको विषयमा पनि सहमति हुनु पर्ने हो। न्यायिक प्रकृतिको हदबन्दी तोकेपछि त्यसमाथिको जग्गामा क्षतिपूर्ति दिनु जरुरी छैन। हदबन्दीभित्रको जग्गा राज्यले लिनुपर्दा वा राज्यले राख्न चाहेनमा मात्र त्यस्तो जग्गाको क्षतिपूर्ति दिने चलन अन्य मुलुकमा छ।

यस विवादले नेताहरु बन्दै गरेको संविधानमा गरिब र किसानको पक्षमा नभएको प्रष्ट हुन्छ। क्षतिपूर्ति नदिने व्यवस्थाले जमिनमा आफैं खेति गर्ने धनी किसानलाई कुनै नोक्सान हुँदैन। बरु क्षतिपूर्ति दिने रकम कृषिमा लगाउँदा फाईदै हुन्छ। हदबन्दी भन्दा बढीको जग्गामा क्षतिपूर्ति नदिने व्यवस्थाले हिजो शासन, सत्ता र शक्तिको दुरुपयोग गरी ठुलो क्षेत्रफल जग्गा जोडेका तर भूमिमा आश्रित नभएका र जमिनमा आफैं श्रम नगर्ने सीमित जमिन्दारले क्षेतिपूर्ति नपाउने हो। अहिले लाखौं नागरिकको हित हुने र देशकै रुपान्तरणसँग जोडिएको विषयमा आँखा चिम्लेर नेताहरु एक प्रतिशत व्यक्तिको लाभका लागि किन मरिहत्ते गरिरहेका हुन् ?

हदबन्दीभन्दा बढीको जमिनमा क्षतिपूर्ति दिईयो भने धनीको मत्रै भलो हुन्छ, गरिबको हुँदैन। राज्यले क्षतिपूर्ति दिएर भूमिसुधार गर्न नसक्ने मात्र होइन, यो सैद्धान्तिकरुपमै गलत छ। बाढीबाट सबै जग्गा गुमाएका सीमित परिवारलाई एउटा बसोबासको व्यवस्था गर्न नसक्ने सरकारले क्षतिपूर्ति दिएर भूमिसुधारको कुरा गर्नु हास्यास्पद छ। यसले स्रोत फेरि पनि हुने/खानेको पकडमा पुग्छ र अन्ततः जमिन फेरि पनि हुने खानेकै हुन्छ। असमानता बाँकी नै रहन्छ। समृद्धि प्राप्त हुँदैन। त्यसैले सामाजिक न्याय र आर्थिक उन्नतिका हिसावले पनि क्षतिपूर्ति दिनु हुँदैन।

हिजो गैरकानुनी, राजा वा राणाबाट पुरस्कारका रुपमा पाएका वा आफू शक्तिमा रहँदा शक्ति प्रयोग गरेर आफ्नो बनाईएका जमिनको क्षतिपूर्ति दिने व्यवस्था कुनै पनि हिसावले न्यायिक हुँदैन। राज्यले क्षतिपूर्ति दिएर भूमिसुधार गर्ने भनेको व्यवहारमा नगर्ने भनेको हो। क्षतिपूर्ति दिने हो भने भूमिसुधारको कुरा गर्नु बेकार छ।

क्षतिपूर्ति त उसलाई दिनुपर्छ, जसको जग्गा हिजो जबर्जस्ती खोसिएके थियो। बिर्ताका रुपमा जग्गा बाँडेर विस्थापनमा पारिएका, झुटा मुद्दा लगाएर, चर्को व्याज लिएर जग्गा खोसिएका, जुगदेखि राज्यले आवाविहीन र भोको राखेका किसानलाई क्षतिपूर्ति दिनुपर्छ।

जसले खेती गर्छ त्यसैलाई मात्र खेतीयोग्य जमिन राख्ने अधिकार किटानी गर्नुपर्छ। खेतियोग्य जमिन पनि हदबन्दी तोकेरमात्र त्यसभित्रको जग्गामा क्षतिपूर्ति दिनुपर्छ। खेतीयोग्य जमिन दोस्रो व्यक्तिलाई जोतभोग गराउन नपाइने व्यवस्था हुनुपर्छ। क्षतिपूर्तिको विषयमा संविधानमा स्पष्ट रुपमा यस्तो व्यवस्था गर्नु उपयुक्त हुन्छ :

(क) कानुन बमोजिम हदबन्दीभित्र भएको जग्गाको क्षतिपूर्ति दिने।

(ख) हदबन्दी भन्दा माथी भएको जमिनको क्षतिपूर्ति नदिने। (नयाँ हदबन्दी नतोक्ने हो भने भूमिसुधारको कुरा गर्नु बेकार छ।

(ग) हदबन्दी भित्र वा बाहिर जे भए पनि गयल जमिनदारका जग्गाको क्षतिपूर्ति नदिने।

चौथाई जनसंख्यामा रहेका कृषि, श्रमिक र करिब ६५ प्रतिशत किसान परिवारमा उत्साह र जाँगर जगाउन जमिनको रक्षा, समातामूलक समाज र दिगो शान्ति स्थापनाका लागि भूमिसुधार गर्नैपर्छ। हदबन्दीमाथि जग्गाको क्षतिपूर्ति दिनु हुँदैन। ●

*- जगत देउजा*

पाइन्छ। त्यसैगरी उसले प्रतिग्रामी भूमि कानून सबै खारेज हुनुपर्दछ भन्दै हदबन्दीभन्दा बढी जग्गा बिना मुआब्जा जोताहा किसानमा वितरण हुनुपर्ने भनेको छ।

यसरी नै नेपाल कम्यूनिष्ट पार्टी (एकिकृत) ले जमिनमाथि रहेको सामन्ती भू-स्वामित्व पूर्णरुपमा अन्त्य गर्न जमिन जोत्नेको सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार लागू गर्ने र शाही परिवार, विर्ता, गुठी र ठूला सामन्तहरुको जमिन बिना मुआब्जा वास्तविक जोताहा, भूमिहीन तथा गरीब किसानहरुमा वितरण गर्ने जनाएको छ। उसले जमिनको न्यायपूर्ण वितरण गर्न नयाँ हदबन्दी कायम गरी बढी हुने जमिन जोताहा, भूमिहीन तथा गरीब किसानलाई वितरण गरिनुपर्ने धारणा पनि अघि सारेको छ। जमिनमा हाल भैरहेको खण्डीकरणलाई रोक्न चक्लाबन्दी र किसानहरुलाई सहकारी खेतीमा प्रोत्साहन गरी जग्गा विकास कार्यक्रम लागू गर्ने, भूमिहीन तथा गरीब किसानलाई सबै प्रकारको ऋणबाट मुक्ति दिलाउने, उनीहरुलाई राज्यले सस्तो दरमा सस्तो मूल्यमा मल बीउ, औजार आदि उपलब्ध गराउनुपर्ने जस्ता माग पनि यो दलले राख्दै आएको छ।

यसैगरी नेपाल कम्युनिष्ट पार्टी (संयुक्त मार्क्सवादी) ले सामन्ती भूस्वामित्व अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने र वास्तविक जोताहा किसानलाई जग्गाको मालिक बनाउने कुरालाई उच्च प्राथमिकता दिइने बताएको छ। अनुपस्थित जमिनदारको सम्पूर्ण जग्गा र अन्य जमिनदारको हदबन्दीभन्दा बढी जग्गा वास्तविक जोताहा किसानको नाममा दर्ता गरिने र यस क्रममा साविकको हदबन्दीको सीमा घटाइने उसले उल्लेख गरेको छ।

खेतीयोग्य जग्गा बाँझो राख्न नपाइने कडा कानून बनाइने र अन्न बालीको कुनै विकल्प नभएकाले, खाद्यान्न आधारभूत वस्तु भएकाले खाद्यान्न सम्प्रभुताको नीतिलाई समेत ध्यानमा राखेर खाद्यान्न उत्पादन र संरक्षणलाई विशेष प्रोत्साहन गर्ने धारणा पनि उसले अघि सारेको छ। साथै सम्पूर्ण

गुठी जग्गा रैकरमा परिणत गरी मन्दिर, मस्जिद र गिर्जाघरका लागि राज्यले आवश्यक छुट्टै वैकल्पिक व्यवस्था गर्ने सोच यो दलको पाइएको छ ।

नेपाल मजदुर किसान पार्टीले भने जसको जोत, उसको पोत सुनिश्चित हुने गरी क्रान्तिकारी भूमिसुधार लागू गर्ने प्रतिबद्धता घोषणापत्रमार्फत् सार्वजनिक गरेको छ । उसले सामन्ती भू-स्वामित्वकै कारण अत्यन्त अल्पमत जमिनदार वर्गको हातमा देशको खेतीयोग्य भूमिको स्वामित्व कायम रहेको जनाएको छ । त्यसैले देशका किसान जोताहाहरुको ठूलो भाग गरिबीमा छन् र खेतीको उत्पादकत्व सान्है न्युन हुँदैछ भन्दै उसले भूमिको न्यायोचित वितरण र खेतीको उत्पादन वृद्धिका निम्ति क्रान्तिकारी भूमिसुधार लागू गरी जमिन जोत्नेको स्वामित्वमा दिने नीति निर्माण गर्नु आवश्यक ठानेको छ ।

### ङ) तराई मधेस लोकतान्त्रिक पार्टी

भूमिको समस्या सिङ्गै मुलुकभर छ तर पनि पहाडको तुलनामा यो समस्या तराइ क्षेत्रमा बढी छ । धेरै कृषियोग्य जमिन त्यहीँ भएको, धेरै जमिनदार त्यहीँ रहेका तथा गरीब र दलितहरुको सङ्ख्या पनि तराइमै बढी रहेकाले त्यहाँ भूमिको समस्या बढी हुन गएको हो ।

यस्तो अवस्थामा मुलुकको भूमिसुधार वा भूमि समस्या समाधानको कुरा आउँदासाथ तराइले प्रमुख भूमिका खेल्नेमा द्विविधा छैन । र, तराइको भूमि समस्या समाधान नभई मुलुकको भूमि समस्या समाधान हुन असम्भव छ । यस्तो अवस्थामा तराइलाई मूल आधारभूमि मानेर राजनीति गर्ने क्षेत्रीय दलहरुले यो समस्यालाई कसरी लिएका छन् भन्ने सवाल महत्वपूर्ण हुन आउँछ । किनकि उनीहरुले लिने नीति र उनीहरुको सहयोगविना तराइ क्षेत्रमा भूमि समस्या सुल्टिन असम्भव हुन्छ ।

**चुनावी घोषणापत्रमा भूमिसुधार**

- कृषिलाई व्यवस्थित गर्न भूमिको चक्लाबन्दी गर्दै सहकारी खेतीलाई प्रोत्साहन, सामुदायिक सिचाई, कृषि सडकको निर्माण गरी उत्पादनको समुचित बजार व्यवस्थापन ताथ कच्चा पदार्थको सुलभ उपलब्धता एउटा प्याकेजको रुपमा लागू गर्ने नीति राज्यले लिनुपर्दछ र तराई मधेसमा परिष्कृत र परिमार्जित दीर्घकालीन कृषि योजना लागू गर्न राज्यले पहलकदमी लिनुपर्ने तराई मधेश लोकतान्त्रिक पार्टीको धारणा रहेको छ ।

*स्रोत : चुनावी घोषणापत्र, २०६४, तमलोपा*

तराइको जल्दोबल्दो पार्टी तमलोपाले कृषिलाई व्यवस्थित गर्न भूमिको चक्लाबन्दी गर्दै सहकारी खेतीलाई प्रोत्साहन, सामुदायिक सिचाई, कृषि सडकको निर्माण गरी उत्पादनको समुचित बजार व्यवस्थापन तथा कच्चा पदार्थको सुलभ उपलब्धता एउटा प्याकेजको रुपमा लागू गर्ने नीति राज्यले लिनुपर्ने भनाइ अघि सारेको छ । संविधानसभा निर्वाचन प्रयोजनका लागि उसले जारी गरेको घोषणापत्रमा उल्लेख गरेअनुसार तराई मधेसमा परिष्कृत र परिमार्जित दीर्घकालीन कृषि योजना लागू गर्न राज्यले पहलकदमी लिनुपर्ने धारणा यो पार्टीको छ ।



### र अन्त्यमा,

दलहरुले आफ्ना घोषणापत्र, भाषण, दस्तावेज तथा प्रतिबद्धतापत्रहरुमा भूमि समस्या समाधानका लागि थुप्रै कबोल गरेका छन् । तर उनीहरुले गरेका वाचाअनुसार कार्यान्वयन पक्ष भने फितलो छ । सत्ताबाहिर रहँदा जनतामुखी भएको देखाउन वा क्रान्तिकारी बन्नका लागि चर्को कुरा गर्ने तर जब सत्तामा पुगिन्छ अनि वाचा बिर्सने बानी हाम्रा नेताहरुको पुरानै रोग हो । कुनै पनि दल यस कार्यमा पछि देखिएका छैनन् ।

मुलुकको सबैभन्दा ठूलो दल माओवादी भूमि समस्या समाधान गर्न चाहन्छ । दोस्रो ठूलो दल कङ्ग्रेस पनि बिपीको सपना पूरा गर्न चाहन्छ अर्थात् भूमिहीनका समस्या टुङ्ग्याउन चाहन्छ । र, तेस्रो ठूलो दल एमाले पनि क्रान्तिकारी भूमिसुधारमार्फत् मुलुकको काँचुली फेर्न चाहन्छ । अर्थात् समग्रमा यी तीन दलले प्रयोग गर्ने शब्द 'क्रान्तिकारी भूमिसुधार', 'वैज्ञानिक भूमिसुधार' वा 'जनमुखी भूमिसुधार' फरक भए पनि सबैको उद्देश्य एउटै छ- भूमिसँग सम्बन्धित समस्याहरुलाई निकास दिनु ।

तर पनि के कारणले भूमिसुधार हुन सकेको छैन ? भन्ने प्रश्नचाहिँ अहिलेसम्म अनुत्तरित छ । त्यसैले अब पनि भूमि समस्या समाधान भएन वा यो विषयले राजनीतिक दलका एजेण्डामा प्राथमिकता पाएन भने तिनले कसैलाई बाँकी राख्ने छैनन् । किनकि 'खानु' बाहेक यो दुनियाँमा भोकको अर्को विकल्प छैन ।

हिजोको वाचा र चुनावी घोषणपत्रलाई नविर्सी भूमिसुधारका मुद्दामा उचित निर्णय गर्ने दलहरु सविधान निर्माणको क्रममा चुक्नुहुन्न । यी नेपाली जनता र स्वयं पार्टीहरुको भविश्यको लागि पनि महत्वपूर्ण हुनेछ ।

# हदबन्दीभन्दा बढी जमिनको क्षतिपूर्ति : *दिने कि नदिने ?*

■ रघुनाथ लामिछाने

संविधान निर्माणका लागि विषयहरुको टुंगो लगाउन बसेको बैठकमा हदबन्दीभन्दा बढीको जमिन सरकारले अधिग्रहण गर्दा क्षतिपूर्ति दिने वा नदिने भन्नेबारे विवाद उत्पन्न भएको छ । दिनुपर्छ भन्नेमा कंग्रेस र एमाले उभिएका छन् भने दिनुहुन्न भन्नेमा माओवादी अडान कायम छ । अहिले मुलुक नयाँ नेपाल निर्माणको लागि अघि बढिरहेको छ । यस्तो नेपाल निर्माणका लागि चाहिने आधारभूत विषयमध्ये भूमिको सवाल पनि प्रमुख छ । असमान भूमि वितरणकै कारण कृषिप्रधान यो मुलुक कृषि क्षेत्रबाट लाभान्वित हुन सकिरहेको छैन । त्यतिमात्र हैन, किसानहरुको अवस्था प्रतिदिन खराब हुँदै गइरहेको छ ।

जमिनको उचित व्यवस्थापन हुन नसकेकै कारण अहिले पनि हली, हरुवाचरुवा, मुक्त कमैया जस्ता समस्या यथावत् छन् । खेतीबाट मात्र गुजारा गर्नेको आफ्नो जग्गा नहुने तर जग्गा धनी मानिएकाले जमिन नदेख्ने विसंगति छ । यस विसंगति हटाउन हदबन्दीभन्दा बढीको जमिन प्राप्ति र वितरण महत्वपूर्ण विषय हो ।

हदबन्दीभन्दा बढीको जमिन राज्यले नलिइ भूमिसुधार सम्भव छैन । हालको संरचना नबदली गरिने भूमिसुधारले सामाजिक न्याय गर्न सक्दैन । भूमिसुधारबाट प्राप्त जमिन सीमान्तकृतलाई वितरण गर्ने चलन सबैतिर छ । नेपालको सन्दर्भमा हदबन्दी भन्दा बढीको जमिन क्षतिपूर्ति दिएर लिन आर्थिक कारणले संभव छैन । किन्न परेमा सीमान्तकृत वा भूमिहीनले जमिन पाउँदैनन् । त्यस अवस्थामा भूमिसुधार गर्नुको कनै तुक छैन ।

हदबन्दीभन्दा बढीको जमिन लिँदा क्षतिपूर्ति दिनुपर्छ कि पर्दैन ? राज्यले लोककल्याणकारी मान्यताअनुरुप नीति नियम बनाएको हुन्छ । यसरी नियम बनाउने क्रममा मुलुकको स्थिति र जनताको आवश्यकताअनुसार कसलाई कतिसम्म जमिन आवश्यक छ भन्ने विचार गरेर नियम बसालिन्छ । यसरी राज्यले तोकेको परिणामभन्दा बढी जमिन राखेमा त्यो स्वतः सजाययोग्य हुन्छ । अर्थात् राज्यको नियम नमान्नु सजायलाई निम्तो दिनु हो भन्नेमा विमति जनाउने ठाउँ देखिन्न ।

> ***क्षति नै हुँदैन भने त्यसको पूर्ति कुनै हिसावले आवश्यक छैन । अर्कोतर्फ राज्यको नीतिविपरित काम गर्नेलाई सजाय गर्नुपर्नेमा उल्टै क्षतिपूर्ति दिने कुरा सही हुन सक्दैन ।***

यसरी हेर्दा जसले राज्यले बनाएको नियमविपरित काम गर्छ, ऊ सजायको भागिदार हुनु कुनै अनौठो विषय नै हैन । यस अर्थमा राज्यले तोकेको भन्दा बढी जमिन राख्ने व्यक्ति स्वतः कारबाहीका लागि तयार हुनुपर्छ । त्यसैले उसले राखेको हदबन्दीभन्दा बढीको जमिन लिँदा क्षतिपूर्ति दिने कुरा नियम मिच्नेलाई उल्टै स्याबासी दिनेभन्दा केही हुन सक्दैन ।

अर्कोतर्फ राज्यले एउटा मापदण्ड तोकिसकेपछि त्यसलाई अटेर गरेर थुपारिएको जमिन गुम्दा उसको क्षति हुने कुरै आउँदैन । यति भए पुग्छ भनेर तोकिसकेपछि उसले परिश्रम गरेरै त्योभन्दा बढी जमिन जोडेको रहेछ भने पनि त्यो राज्यका हिसावले इमान्दार काम हुन सक्दैन । यसरी जुन कुरा गुम्दा क्षति नै हुँदैन भने त्यसको पूर्ति कुनै हिसावले आवश्यक छैन । अर्कोतर्फ राज्यको नीतिविपरित काम गर्नेलाई सजाय गर्नुपर्नेमा उल्टै क्षतिपूर्ति दिने कुरा सही हुन सक्दैन ।

हदबन्दीभन्दा बढीको जमिन जफत गरेर सर्वोच्च अदालतले सरकारलाई आदेश पनि जारी गरिसकेको छ । जफत भन्ने शब्दले क्षतिपूर्ति दिनु नपर्ने अर्थ बुझाउँछ । अर्कातिर यस्तो जमिन खोजेर जफत गरी वितरण गर्न सरकारलाई कानुनले पनि अधिकार दिएको छ । भूमिसुधारसँग सम्बन्धित कर्मचारीले सक्रियतापूर्वक कार्यान्वयन नगर्दा समस्या भएको हो ।

हदबन्दीभन्दा बढीको जमिन लिँदा किन क्षतिपूर्ति दिनुपरेको हो भन्ने कंग्रेस र एमालेको माग बुझिनसक्नु देखिएको छ । लुकाइछिपाइ राखेको अवस्थामा हदबन्दीभन्दा बढीको ६२ विघा १६ कठ्ठा १२ धुर जमिन दाङको मालपोत कार्यालयले अधिग्रहण गरिसकेको छ । जसको क्षतिपूर्ति दिइएको छैन । यसरी एउटा जिल्लाले समेत यस्तो जमिनको क्षतिपूर्ति नदिइ अधिग्रहण गरिहेको अवस्थामा मुलुकका ठूला भनिएका दललाई किन क्षतिपूर्तिको चिन्ता लाग्यो ? बुझ्न सकिएको छैन ।सकिएको छैन ।

*(नागरिक दैनिकबाट)*



# भिताको किसान

■ राजेन्द्र महर्जन

'इतिहासले नेपाली कांग्रेसलाई सामन्ती समाजलाई औद्योगिक, प्रजातान्त्रिक अर्थात् समाजवादी समाज वा नयाँ समाजवादमा परिणत गर्ने क्रान्तिकारी जिम्मेवारी सुम्पेको छ । इतिहासको यस क्रान्तिकारी लक्ष्यलाई पूरा गर्नसक्ने यस पार्टीको क्षमतालाई हामीले आफ्नो कार्यद्वारा प्रमाणित गर्न सकेनौं भने इतिहासले अर्को हतियार निर्माण गर्नेछ ।'

नेपाली कांग्रेसको सातौं महाधिवेशनमा २०१७ सालमा सभापतिकारूपमा बीपी कोइरालाले यस्तो चेतावनी दिएका थिए । तर, बीपी कोइरालाको मृत्युपछि 'समाजवाद, क्रान्ति र जन' जस्ता शब्द सुन्नासाथ तर्सिने कांग्रेसी नेतृत्वले लामो समय सत्तासीन रहँदा पनि इतिहासले सुम्पेको लक्ष्य पूरा गर्न सकेन । सातौंदेखि बाह्रौं महाधिवेशनसम्म आइपुग्दा बीपी कोइराला नै नचिनिने अवस्था आइसकेको छ भने उनले प्रतिपादन गरेको प्रजातान्त्रिक समाजवादी सिद्धान्तको हालत कस्तो होला ? पक्कै पनि बाह्रौं महाधिवेशनको कुम्भमेलामा प्रजातान्त्रिक समाजवादी सिद्धान्तको माला जप्ने र खरानी घस्ने केही 'बीपीवादी' नदेखिएका होइनन्, तर तिनले गरिब र पीडित जनतालाई केन्द्रमा राखेर प्रजातान्त्रिक समाजवादी सिद्धान्तलाई थप विकास गर्ने गरी नीतिगत लडाइँ चलाउन सक्ने स्थिति नेपाली कांग्रेसमा देखिएको छैन ।

नयाँ नीति र नयाँ नीतिअनुसारकै नवीन नेतृत्व छनौटको महान् अवसर हो, पार्टी महाधिवेशन । तर, कुम्भमेलाजस्तो महाधिवेशनमा नयाँ नीतिका लागि होइन, पुरानै नेताहरूको गिरोहमध्ये केहीलाई छान्ने लिगलिगे दौड तीव्र भएको अवस्थामा प्रजातान्त्रिक समाजवादी सिद्धान्तको वास्ता कसलाई हुन्छ ? नेपाली कांग्रेसमा नीति होइन, नेताको छनौटमै महाधिवेशन व्यस्त हुनु अनौठो होइन, किनभने धेरैजसो कांग्रेसी नेतृत्व बीपी कोइरालासँगै सती पठाइएको प्रजातान्त्रिक समाजवादी सिद्धान्तको चिहानमाथि उभिएका छन् । प्रजातन्त्रको अभ्यास र समाजवादी सपनाको मृत्युमा मात्रै उदारवादी पुँजीवाद, त्यो पनि सामन्तवादसँग घाँटी जोडिएको उदारवादी पुँजीवाद फस्टाउन सक्छ भन्ने मूल्य-मान्यताअनुसार कार्यरत नेताले नै महाधिवेशनमा नीति र कार्यक्रम प्रस्तुत गरेका छन्, अनि त कुम्भमेलामा कसरी चिहानबाट ब्युँतिन्छ, प्रजातान्त्रिक समाजवादी सिद्धान्त ?

वीरगन्ज महाधिवेशनपछि बीपी कोइरालाले नेपाली कांग्रेसलाई प्रजातान्त्रिक समाजवादी सिद्धान्त र त्यसै सिद्धान्तअनुरुपका नीतिका आधारमा चलाउन खोजेका थिए । उनले ००७ सालमा सशस्त्र संघर्ष गरेको नेपाली कांग्रेसलाई जन पार्टीका रूपमा, त्यसमा पनि धेरैजसो गरिब किसान आधारित क्रान्तिकारी संगठनका रूपमा विकास पनि गरेका थिए । त्यसैको स्पष्ट प्रतिविम्ब हो, उनले प्रजातान्त्रिक समाजवादको मुख्य आयामका रूपमा विकास गरेको भूमिसम्बन्धी क्रान्तिकारी नीति । समाजवादी सिद्धान्तको आलोक र

व्यावहारिक अनुभवको जगमा उभिएर उनले भूमिसुधारको नीति तय गरेका थिए। उनले भूमिसुधार लागू गर्ने स्थानमा रहीकन जोड दिएर भनेका थिए :

'सामन्ती व्यवस्थामा समाजले जमिनको पूर्णरूपले उपभोग गर्न नसकेको कारणले पनि जमिनलाई सामन्ती व्यवस्थाबाट मुक्त गर्नु आवश्यक छ। समाजले जमिनबाट जति परिमाणमा उत्पादन प्राप्त गर्नुपर्छ, सामन्ती उत्पादन प्रणालीमा त्यति मात्रामा उत्पादन लिन सम्भव छैन। देशको दरिद्रताको अन्त्य गर्नका लागि चाल्नुपर्ने सबैभन्दा पहिलो व्यावहारिक कदम सामन्ती उत्पादन व्यवस्थाको अन्त्य गर्नु हो। म केबल समाजवादी सिद्धान्तका आदर्शको आधारमा यो कुरा भनिरहेको छैन, स्थूल व्यावहारिकताको आधारमा पनि दोहोऱ्याइरहेको छु। कसैले समाजवादमा आस्था राखून् वा नराखून्, तर सामन्ती व्यवस्थाको अन्त्यबिना र जमिनमा काम गर्ने कृषकलाई जमिनमाथिको पूर्ण स्वामित्व उपलब्ध नगराई देशले आर्थिक विकासको प्राथमिक कदम पनि चाल्न सक्तैन। अहिलेको वर्तमान सरकारले यस दिशापट्टि जुन सक्रिय कदम चालेको छ, त्यसको विरोध गर्नु दरिद्रताको अन्त्य गर्ने प्रयासको विरोध गर्नुजस्तै हो।'

बीपी कोइरालाले ००७ सालको परिवर्तनदेखि ०१७ सालको शाही प्रतिगमनबीच यस नीतिलाई व्यवहारमै उतार्ने भगीरथ प्रयास नगरेका होइनन्। 'पुर्पुरोमा लेखिने दिन गए, जग्गा हुनेछ जोत्नेको' नारा लगाउँदै उनले नेपाली कांग्रेसको सरकारमार्फत् बिर्ता प्रथा उन्मूलनको नेतृत्व पनि नगरेका होइनन्। तर सामन्तवादी उत्पादन सम्बन्धको राजनीतिक छत्रछायाँ बनेको राजतन्त्र यथास्थिति कायम गर्न शाही सैनिक शक्तिसहित राजनीतिक अखडामा निस्क्यो। त्यस प्रयासमा सामन्तवादको नेतृत्व गर्ने राजतन्त्रले ०१७ सालमा हठात् बाधा तेर्स्यायो। नेपाली कांग्रेस ००७ देखि ०१७ को अवधिमा मूलतः जिउँदो जाग्दो आन्दोलन थियो, पार्टीमात्रै थिएन। तर शाही सैनिक विद्रोहपछि यो आन्दोलन छरपस्ट भयो र नीतिमा आधारित होइन, नेतृत्वमा आधारित पार्टी भयो।

खहरेको रुपमा ००७ सालमा उर्लेको नेपाली कांग्रेस नदी बन्न नपाई शाही सैनिक विद्रोहको बाधाका कारण तलाउमा फेरियो, त्यहीं सिद्धान्त र नीति पनि कुहियो। र बीपी कोइरालाको नेतृत्वमा रहेको प्रथम जननिर्वाचित सरकारले थालेका किसान र आम जनताको पक्षमा रहेका केही नीति र कार्यक्रम राजतन्त्रले अपहरण गरी आफै लागू गर्न खोज्यो। पञ्चायती तानाशाही शासनविरोधी विद्रोहको कालमा नेपाली कांग्रेस अरू बेसी जनमुखी, अरू बेसी प्रजातान्त्रिक र समाजवादी हुनुपर्ने थियो, तर त्यतिखेरसम्म उसको आधार धेरै हदसम्म कुलीन वा अभिजात वर्गमा फेरिसकेको थियो। बाह्रौं महाधिवेशनमा सभापतिका प्रत्याशी रहेका नेता भीमबहादुर तामाङले स्वीकारेजस्तै नेपाली कांग्रेस गरिब जनता, त्यसमा पनि मूलतः किसानको पार्टीबाट सुकिलामुकिलाको पार्टीमा रूपान्तरित भइसकेको थियो। पार्टीको नेतृत्वमा अभिजात वर्गको प्रभुत्वसँगै प्रजातान्त्रिक समाजवादी सिद्धान्तको मृत्यु हुन थाल्नु अनौठो होइन।

**नेपाली कांग्रेसलाई भूमिहीन किसानको पक्षमा भूमिसुधार गर्नुभन्दा पनि जनयुद्धको क्रममा खोसिएका भूमिपतिका जग्गाजमिन र सम्पत्ति फिर्ता गर्नु नै प्राथमिक विषय भइसकेपछि बीपी कोइरालाको प्रजातान्त्रिक समाजवादी सिद्धान्त र उनले चलाएको भूमिसुधारको नीति पनि नयाँ वारिसको खोजीमा हुनु स्वाभाविकै हो।**

समानताको नाममा गरिबी-कंगालीको वितरणलाई समाजवाद होइन भन्ने बीपी कोइरालाको मृत्यु भएको लगभग तीन दशक हुन लाग्यो र प्रजातान्त्रिक समाजवाद, समाजवादी अर्थनीति र त्यसअनुसार तत्कालै गरिनुपर्ने भूमिसुधार र किसानको जीवनमा अग्रगामी रूपान्तरणका मुद्दा पनि उनीसँगै समाप्त भएका छन्। नयाँ संविधान लेखनको क्रममा भूमिसुधार र मौलिक हकसम्बन्धी विवादमा नेपाली कांग्रेस र नेकपा (एमाले)लगायत धेरैजसो दलले बीपी कोइरालाका विचारभन्दा पनि प्रतिगामी विचार बोक्न थालेको स्थितिमा उनका विचारका वारिस नेपाली कांग्रेस हुन गाह्रै हुनु अस्वाभाविक होइन। नेपाली कांग्रेसलाई भूमिहीन किसानको पक्षमा भूमिसुधार गर्नुभन्दा पनि जनयुद्धको क्रममा खोसिएका भूमिपतिका जग्गाजमिन र सम्पत्ति फिर्ता गर्नु नै प्राथमिक विषय भइसकेपछि बीपी कोइरालाको प्रजातान्त्रिक समाजवादी सिद्धान्त र उनले चलाएको भूमिसुधारको नीति पनि नयाँ वारिसको खोजीमा हुनु स्वाभाविकै हो।



हुन त ०१७ सालअघिजस्तै नेपाली कांग्रेस फेरि सरकारमा छ, बाह्रवर्षे संसदीय कालमा जस्तै । लामो समय सरकारमा हुँदा भूमिसुधारका सम्बन्धमा भएका कमीकमजोरीबाट पाठ सिक्ने हो भने बीपी कोइरालाका विचारले कांग्रेसलाई अझै आलोक दिनसक्छ । जमिनमाथि किसानको अधिकारबारे उनले प्रधानमन्त्री हुँदै बम्बईमा आयोजित दोस्रो अखिल-भारत नेपाली विद्यार्थी सम्मेलनको उद्घाटनमा पोखेको विचार अझै अनुकरणीय छ, 'मुख्यतः मेरा दृष्टिमा हामीले अब दुई प्रकारका उत्तरदायित्व बेहोर्नुपरेको छ : एक, सामन्ती व्यवस्थाको अन्त्य । दुई, औद्योगिक समाजको निर्माण । सामन्ती व्यवस्था पुरानो समाजको अवस्था हो । हामीले जमिनको स्वामित्वको आधारमा हुने शोषणको अन्त्य गर्दै जमिनको वास्तविक उपभोग गर्ने व्यक्तिहरू अर्थात् जमिनमाथि किसानको अधिकारलाई सुरक्षित पार्ने लक्ष्यपट्टि कदम चालिरहेका छौँ । यो एउटा ठूलो क्रान्तिकारी कदम हो । यो लक्षित क्रान्तिकारी कदमबाट अहिले कायम रहेका जमिनको आधारमा बन्न गएका सम्बन्ध छिन्नभिन्न हुन्छन् । यस कदमले प्रत्येक गाउँमात्र होइन, प्रत्येक परिवारमा समेत प्रभाव पार्छ । तसर्थ, वर्तमान निर्वाचित सरकारद्वारा भएको बिर्ता उन्मूलन, अधिक जमिनमाथि लगाइएको कर र किसानलाई रसिद दिलाउने व्यवस्थाले देशमा बडो ठूलो उथलपुथल हुन थालेको छ । यो अगाडि बढ्ने प्रयत्नविरुद्ध पनि संगठनहरू हुँदैछन् । इतिहासविरुद्ध बिर्तावालहरू, भूपतिहरू र जमिनदारहरू संगठन गर्दैछन् ।'

**किसानबारे बीपी कोइरालाको चर्चित भनाइ छ : 'मैले प्रधानमन्त्री हुँदा योजना आयोगको मिटिङमा भनेको थिएँ- तपाईंहरू भित्तामा राजाको तस्बिर राख्नुहोस् र साथै नेपालको एउटा गरिब गाउँले किसानको आफ्नो झोपडीअगाडि उभिरहेको चित्र पनि राख्नुहोस् र त्यसको अनुहार हेरेर योजना बनाउनोस् र सोध्नोस्- यस योजनाले त्यस झोपडीमा बस्ने किसानलाई के लाभ दिनसक्छ ?'**

हो, तिनीहरूको राजनीतिक र फौजी प्रयासकै कारण सरकारबाट च्यूत् गरिएका बीपी कोइरालाले मृत्युपर्यन्त पनि आफ्नो पार्टीका नेता-कार्यकर्तालाई सोध्दैछन् : 'तपाईंहरू सामन्ती व्यवस्थाको अन्त गर्ने पक्षमा हुनुहुन्छ कि हुनुहुन्न ? हामीले इतिहासको हतियार भएर आफ्नो कर्तव्य पूरा गर्नुपर्छ । सामन्ती व्यवस्थाको अन्त्य नै समयको माग हो । इतिहासको यो लक्ष्यलाई हामीले पूरा गरेनौं भने कसले पूरा गर्छ ?' तर, राजतन्त्र समाप्त भएपछि सामन्तवादी भूमिसम्बन्ध पनि समाप्त भएको भ्रम पाल्ने नेता-कार्यकर्ता मात्रै होइनन्, नेपाली कांग्रेस स्वयम् पनि इतिहासका लक्ष्य र जिम्मेवारी पूरा गर्न पटक-पटक असफल भएको छ । बाह्रौं महाधिवेशन पनि बदलिँदो नेपाली समाजका यस्ता अन्तरविरोध, मूलतः भूमिसँग जोडिएका अन्तरविरोधलाई किसानका पक्षमा सम्बोधन गर्ने नीति पारित नगरीकनै समाप्त हुँदैछ । अतः बीपी कोइरालाले भनेजस्तै अब इतिहास नेपाली कांग्रेसलाई पनि त्यागेर अगाडि बढ्न सक्छ ।

किसानबारे बीपी कोइरालाको चर्चित भनाइ छ : 'मैले प्रधानमन्त्री हुँदा योजना आयोगको मिटिङमा भनेको थिएँ- तपाईंहरू भित्तामा राजाको तस्बिर राख्नुहोस् र साथै नेपालको एउटा गरिब गाउँले किसानको आफ्नो झोपडीअगाडि उभिरहेको चित्र पनि राख्नुहोस् र त्यसको अनुहार हेरेर योजना बनाउनोस् र सोध्नोस्- यस योजनाले त्यस झोपडीमा बस्ने किसानलाई के लाभ दिनसक्छ ?'



बीपी कोइरालाकै भाषामा किसानहरूले अब सोध्दैछन्, बाह्रौं महाधिवेशनले आखिरमा किसानलाई के कस्तो नीति दियो, के नेपाली कांग्रेसले किसानलाई हित हुने के काम गऱ्यो ? कतै नेपाली कांग्रेसको नेतृत्व झोपडीअगाडि उभिएको गाउँले किसानको तस्बिरको सट्टा सबैजसो किसानलाई नै भित्तामा झुण्ड्याउन तयार भएका त छैनन्, उदारवादी पुँजीवादी नीति लागू गर्न ? त्यस्तो नीति बनाएर लागू गर्न खोजेका हुन् भने नेपाली कांग्रेस इतिहासको कन्टेनरमा पुग्दैन ?

*(नागरिक दैनिकबाट)*

# भूमिसुधारबाट पछि हट्दै नेपाली काङ्ग्रेस

भूमिसुधार बारे कङ्ग्रेस मूलतः आठौं महाधिवेशनपछि वैचारिकरुपमा अलमलमा देखिन्छ। यसमध्ये पनि प्राकृतिक स्रोत, मूलतः भूमिलाई बुझ्ने विषयमा विचलन नै आएको छ भन्दा अन्यथा हुन्न। कङ्ग्रेसको त्यसअघिका विचारधारा र नीति भने स्पष्ट र व्यावहारिक लाग्छन्।

सन् १९५० देखि नेपाली कङ्ग्रेसका विभिन्न दस्तावेज विश्लेषण गर्दा २०४८ पछिको नेपाली कङ्ग्रेसको औपचारिक दस्तावेजहरुमा जसको जोत उसको पोत भन्ने विषय ओझेलमा पारिएको प्रष्ट देखिन्छ। यो विषयलाई चटक्कै छाडेर द्वैध स्वामित्व अन्त्यको विषयलाई बोकेर हिँडेको पाइन्छ। जसले बेदर्तावाल मोहीमाथि ठूलो अन्याय भएको छ। मूलभूतरुपमा यसपछि नेपाली कङ्ग्रेसमा भूमिसुधारका सम्बन्धमा आवश्यक बहस र विचार-विमर्श नगरी पार्टी एकोहोरो कृषिसुधारको गलत बाटो समात्न पुगेको देखिन्छ।

नेपाली कङ्ग्रेसले समाज रुपान्तरणको महत्वपूर्ण शक्तिलाई पछिल्लो दशकमा बिर्सिंदै गएको विश्लेषणले देखाउँछ। भूमिसुधारको पूर्व अडान छाडेर नेपाली कङ्ग्रेस भनेको गरिब, भूमिहीन, साना किसानको पार्टी हैन रहेछ भन्ने पहिचान बन्दै गएको हो कि भन्ने लाग्न थालेको छ। यो पार्टी भूमिसुधारको विरोधी अनि जमिनदारको पार्टी हो भनेर चिनिनु दुखद् पक्ष हो। यसका पछिल्ला दस्तावेज र नेता तथा कार्यकर्ताको अभिव्यक्ति र व्यवहारले यो कुराको पुष्टि गर्दछ। रुपान्तरणको ऐतिहासिक महत्व नबुझ्नाले धेरै पार्टी विलय भएको विश्व इतिहास भुल्ने प्रयास कसैका लागि पनि हितकर बन्दैन भन्ने स्मरण यतिबेला सान्दर्भिक ठहर्छ।

२०४८ पछि नेपाली कांग्रेसलाई आफ्ना सिद्धान्तबमोजिम नीति तथा कार्यक्रम लागू गर्न प्रशस्त मौका थियो। २०१५ सालको आफ्नो सरकारभन्दा यो सरकार कयौं गुणा बलियो थियो। तर कङ्ग्रेसले भूमिसुधारको सवाल गम्भीरपूर्वक लिएन। सुकुम्बासी समस्या समाधान गर्न ठोस कदम नउठाएको मात्र हैन, सुकुम्बासी समस्या आफ्नो कार्यभारबाट नै झिकेर बस्यो। जमिन पुनर्वितरणको एजेण्डालाई परिवर्तनको दौरानमा प्राथमिकता दिएन। र द्वैध स्वामित्व अन्त्यको एकलकाटे नीति लागू गर्ने प्रयत्न गर्‍यो। यसले बेदर्तावाल मोहीलाई फेरि भूमिहीन बनायो। अरुको जग्गा कमाएर खान पाउने स्थितिसमेत अन्त्य गरिदियो। अवसर हुँदाहुँदै पनि आफ्नो सरकारको पालामा भूमिसुधारसम्बन्धी कुनै गम्भीर पहलकदमी लिएन। सबैतिरबाट सही ठानिएको बडाल आयोगको प्रतिवेदनसमेत लागू गर्ने सवालमा पार्टी गम्भीर देखिएन।

> **कङ्ग्रेसले भूमिसुधारको सवाल गम्भीरपूर्वक लिएन। सुकुम्बासी समस्या समाधान गर्न ठोस कदम नउठाएको मात्र हैन, सुकुम्बासी समस्या आफ्नो कार्यभारबाट नै झिकेर बस्यो।**

नेपाली कङ्ग्रेसकै सरकारका पालामा २० वर्षे दीर्घकालीन कृषि नीति लागू गरियो। यो नीति मूलतः दाताको अत्याधिक प्रभावको परिणाम थियो। जसले कृषि क्षेत्रलाई बजारीकरण गर्ने नाममा वैज्ञानिक भूमिसुधारलाई ओझेलमा पार्‍यो। भूमिसुधारलाई बेवास्ता गरेकाले यो नीतिले कुनै प्रभाव छाडेन र विफल बन्यो। बिपीको गाथा गाइरहने, भाषणमा बिपी नीतिका कुरा गर्ने तर दस्तावेज, नीति तथा कार्यक्रममा उनले देखाएका बाटा कुल्चेर हिँड्ने कङ्ग्रेसले ती ऐतिहासिक भूलको समीक्षा गरी अघि बढ्नु जरुरी भएको छ।

नेपाली कङ्ग्रेस भूमि वास्तविक किसानको हुनुपर्छ भन्ने पूर्ववत् आफ्नै अडानबाट पछि हटेर भूमिलाई निजी सम्पत्तिका रुपमा व्याख्या गरेर रमाउनु उसका लागिमात्र हैन, सिङ्गै मुलुकको लागि अभिशाप भएको छ। नेपाली कङ्ग्रेसले भूमिको पुनर्वितरण, किसानलाई जग्गा, भूमिमा भूमिअधिकारबाट वञ्चितको अधिकार भन्दा भू-उपयोग र वैज्ञानिक व्यवस्थापनको कुरामात्र गर्न थालेको छ। भूमि किसानको अधिनत्वमा नगई यसको वैज्ञानिक व्यवस्थापन र उपयोग हुन सक्दैन भन्ने कुरा जानाजान छाडेर भूमि ब्याङ्क जस्ता अवधारणाको पक्षपोषण गर्नु कङ्ग्रेसको भूल मान्न सकिन्छ।

विस्तृत शान्ति सम्झौतापछि माओवादीद्वारा कब्जा गरिएको करिब एक हजार परिवारको जग्गा फिर्ताको मुद्दालाई महत्वपूर्ण एजेण्डाको रुपमा उठाएको कांग्रेसले दश लाखभन्दा बढी भूमिहीन परिवार, ७ लाखभन्दा बढी मोही परिवार र गरिब किसानको सवाल कहिल्यै उठाएन। यसले वास्तविक मेहनति जनताले कङ्ग्रेस सीमित धनाढ्यहरुको मात्र पार्टी बन्दै गएको बुझ्नु स्वाभाविक थियो।

## इमानदार प्रयासहरु

बिपी कोइराला २०१७ सालमा प्रधान मन्त्रीमा नियुक्त भएपछि जनताको नाममा दिनुभएको पहिलो सन्देशमा भूमिसुधार तथा किसानको कल्याण कार्यक्रम, प्रशासकीय तथा न्यायसम्बन्धी सुधार, अल्पकालीन तथा तत्काल परिणाम तथा लाभ ल्याउन सक्ने योजनालाई विशेष ध्यान दिएर

अहिलेसम्म भइरहेको विकास कार्यलाई झन् द्रुत गतिले बढाउनेलगायत्का विषयलाई प्राथमिकतामा राखिएको थियो ।

सुवर्णशमशेरले २०१६ साल असोज १३ गते प्रतिनिधिसभामा विर्ता जग्गा उन्मूलन गरी भूमिकर ठेक्नका निम्ति बनेको विधेयक प्रस्तुत गर्नुभएको थियो । यसका आधारमा ख वर्गको विर्ता उन्मूलन गरी जोताहा किसानका नाममा गर्ने पहल सुरु गरिएको थियो ।

२०४८ को पहिलो संसदीय निर्वाचनमा नेपाली कङ्ग्रेसले चुनावी घोषणापत्रमा जमिनको अवैज्ञानिक हदबन्दी, जमिनमा विद्यमान दोहोरो स्वामित्वको झन्झट तथा किसानलाई बीउ-बीजन, मलखाद, कृषि ऋण, कृषि सेवा, तालिम, सिचाइको सुविधा तथा कृषि उब्जनीको भाउ निर्धारण र खरिद गर्ने संस्थाहरूमा व्याप्त अकुशतला र भ्रष्टाचारले गर्दा कृषि उत्पादन र जमिनको उत्पादकत्वमा वृद्धि हुन नसकिराखेको उल्लेख गरेको छ । यो स्थितिलाई ध्यानमा राख्दै जमिनको हदबन्दी, जमिनमा विद्यमान द्वैध स्वामित्व तथा कृषि सेवा र सुविधा पुऱ्याउने तत्कालीन संस्थागत संरचनालाई वैज्ञानिक र व्यवहारमूलक दृष्टिले नेपाली कङ्ग्रेसको सरकारले पुनर्मूल्याङ्कन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

२०४८ सालमा जगन्नाथ आचार्य भूमिसुधार तथा व्यवस्था मन्त्री हुँदा उद्योगका नाममा लुकाइएका र हदबन्दीभन्दा बढी जमिन खोस्ने, गुठी जग्गाको दुरुपयोग रोक्ने, भूमिमा श्रम गर्नेको स्वामित्व स्थापित गर्ने र सम्पूर्ण जग्गाको कम्प्युटर अभिलेख तयार पार्ने जस्ता काम थालनी गर्नुभएको थियो । उहाँले गुठी जग्गा किसानको नाममा रैकर गर्ने विधेयक अगाडि सार्नुभएको थियो भने शक्तिशाली तहका जमिनदारको हदबन्दीभन्दा बढीको जग्गा खोस्ने निर्णय लिनुभएको थियो ।

२०५८ सालमा नेपाली कङ्ग्रेसको सरकार हुँदा हदबन्दी ११ विगाह कायम गरिएको थियो । गृहकार्यविना नै उठाइएको यो कदम व्यवहारमा भने लागू भएन ।

## के गर्नुपर्छ अब ?

नेपाली कङ्ग्रेसले लोकतान्त्रिक समाजवादको आफ्नो सिद्धान्त र पार्टीलाई जीवन्त राख्ने हो भने विगतका भुल आत्मसाथ निम्न कुरा आत्मसाथ गरिनु उचित हुनेछ ।

२०१५ सालमा वीरगन्जमा सम्पन्न पार्टीको छैटौं महाधिवेशनले जमिनमा आधारित अर्थव्यवस्था र जमिनमाथि सामन्तहरुको नियन्त्रणमा आमूल परिवर्तन गर्ने उद्देश्यका साथ कङ्ग्रेसले भूमि नीति अघि सारेको थियो । जसमा जमिनमाथि सामन्ती अधिकारको समाप्ति, विर्ता प्रथाको समाप्ति र विर्ता जमिनको राष्ट्रियकरण, जमिनदारी प्रथा उन्मूलन र जसको जोत, उसको पोतको व्यवस्था, जमिन राख्न पाउने अधिकतम सीमा निर्धारण गर्ने उल्लेख थियो । यसको सान्दर्भिकता अहिले पनि उत्तिकै छ । नयाँ संविधानमा जमिनलाई निजी सम्पत्तिभन्दा पनि प्राकृतिक स्रोतका रुपमा आत्मसाथ गरी जमिनमा श्रम गर्नेको स्वामित्व र नियन्त्रणमा कृषियोग्य भूमि रहने व्यवस्था गरिनुपर्दछ । यस्तो संवैधानिक व्यवस्था भएमा मात्र उसले घोषणा गरेका कुरा पूरा हुने अवस्था आउँछ ।



त्यसैगरी राजा महेन्द्रले नेपाली कङ्ग्रेसलाई नै दबाउन र नङ्ग्याउन ल्याएको जमिनदारमुखी भूमि ऐन २०२१ खारेज गरी गरिब, भूमिहीन र मोहीका पक्षमा भूमि ऐन ल्याई कार्यान्वयनमा लैजान कङ्ग्रेसले जिम्मेवारी लिनु आवश्यक छ ।

सरकारमा रहेमात्र होइन, सरकारबाहिर रहँदा पनि नेपाली कङ्ग्रेसले आफ्नो गाविस, जिल्ला र क्षेत्रको भूमिसुधारको खाका प्रस्तुत गरी अरु पार्टीलाई पनि समाहित गरेर भूमिसुधारका योजना र कार्यक्रम कडाइका साथ लागू गर्ने कार्यको नेतृत्व लिनुपर्दछ ।

भूमि तथा कृषि अधिकारका विषयमा कार्यकर्तालाई प्रशिक्षित गर्ने र ग्रामीण विकासका नमुना भूमिसुधार हो भन्ने नीति तथा कार्यक्रमलाई गाउँगाउँ र जिल्लाजिल्लामा लैजानु आवश्यक छ । नेपालको सिङ्गो अर्थतन्त्र कृषिमा निर्भर भएकाले नवउदारवादी भूमिसुधारको मोडेलभन्दा पनि आफ्नै भूमिसुधारको नेपाली मोडेल विकास गर्न कङ्ग्रेसले अरु पार्टीसँग छलफल र बहस गरी भूमिसुधारको यस्तो मोडेल र खाका तयार गरी कार्यान्वयनमा जानु आवश्यक छ ।

बिपीद्वारा प्रतिपादित सिद्धान्त र लोकतान्त्रिक समाजवाद मनन् गर्दै नेपालको औद्योगिकीकरण र गरिबी निवारण भूमिसुधारविना सम्भव छैन भन्ने वास्तविकता आत्मसाथ गर्नु र गराउनु जरुरी छ । यसका लागि अनुपस्थित जमिनदार र किसानका हितविपरित काम गर्ने कुनै पनि व्यक्ति नेपाली कङ्ग्रेसको साधारण सदस्यसमेत नरहने व्यवस्था हुन सके उसले भन्ने गरेको समाजवादको आधार तयार हुन सक्छ । ●

# खाद्य, भूमि र कृषि

■ कृष्ण पौड्याल

जीविकाको प्रमुख आधार खेती गर्ने जमिन हो। भूमि र कृषि एक सिक्काको दुई पाटा हुन। त्यसैले यी दुईवटा कुरालाई सँगै लिएर जानुपर्छ। भूमि आन्दोलनको कुरा गर्दा कृषि र खाद्य अधिकारको आन्दोलनलाई जोडेर लानुपर्छ। हामीले सङ्गठनमा छलफल गरेर यी तीनवटा मुद्दा सँगै उठाएर जानुपर्छ तर मुख्य मुद्दा भने भूमि हो। १२ लाख भूमिहीन किसान छन्। उनीहरुले खान पाउने अधिकारको कुरा कसैले उठाएको छैन। त्यसैले हामीले यी अधिकारलाई साथमा लिएर जानुपर्छ।

नेपालमा अहिले पनि ८०% नेपाली किसान छन्। जसमा ६५% भन्दा बढी कृषि मजदूर छन्। अर्थतन्त्रमा एक तिहाई कृषिबाट आउँछ। तर गएको ८/१० वर्षयता परिवर्तन हुँदैछ। जग्गा बाँभो छ। हामी अधिकारका लागि आवाज उठाइरहेका छौं। जग्गा प्लटिङले गर्दा हामीले गरिखाने जमिन जमिन धमाधम नासिदैं छ।

३० वर्षअघि र अहिलेको समाज फरक छ। पहिले परम्परागत खेती हुन्थ्यो तर अहिले आधुनिक खेती हुन थालेको छ। अब पारिवारिक खेतीपातीले उत्पादन हुँदैन। जनसङ्भख्या बढेको बढ्यै छ तर खेती गर्ने जमिन बढेको छैन। हाम्रो खेती लगाउने मौसममा फरक पर्छ। यी सबै कारणले उत्पादन घट्दैछ। नेपाली समाजमा कृषि पेशालाई तुच्छरुपमा लिन थालिनु बिडम्बना नै मान्नुपर्दछ।

सामाजिक परिस्थितिमा दलितको स्थिति धेरै कमजोर छ। किसानमा पनि अहिले हीनताबोध गर्नुपर्ने अवस्था आइरहेको छ। जीवन पद्धतिसँग अन्तर्सम्बध, जीविकासँगको अन्तर्सम्बन्ध कहाँ छ भन्ने कुरा विचार गर्नुपर्छ। भूमि आन्दोलनले कृषि र खाद्य अधिकारलाई सँगै लिएर गएन भने कहीँ न कहीँ पुगेर यो असफल हुन्छ।

खेतीपाती के हो ? जीवन पद्धति हो। हामीले गर्व गर्ने कुरा हो तर यसो भइरहेको छैन। किसान आफूलाई अपहेलित भएको महसुस गरिरहेको छ। अहिले ठेकेदार, वन कार्यालय मिलेर वन फडानी गरेर फाइदा लिएका छन् तर एउटा किसानले खाना पकाउने दाउरा नपाइरहेको अवस्था छ।

किसानले पाउनुपर्ने आवश्यक ज्ञान र सेवा सुविधा पाएको छैन। उसलाई कतैबाट कुनै पनि सहयोग छैन। अहिलेको खेती पद्धतिले किसानलाई बेफाइदा गरेको छ। हामी जेका लागि लड्दैछौं, त्यही बिग्रियो भने के काम ? किसानको जीवन पद्धतिको सम्मान कसरी गर्ने ? खाने कुरासँग जोडिएको मुद्दा पनि एउटा हो। अहिलेसम्म बनेको प्रविधिबाट उत्पादन गरेको अन्नले मात्र हामीलाई पुग्दैन। ती कुरा भूमिअधिकारसँग जोडिएको छ।

> ***कृषिको अधिकार, खानाको अधिकारको कुरा गर्दा विरोध आउँदैन तर भूमिको कुरा गर्दा विरोध आउँछ। तर हामीले फलाउन फुलाउन जमिन मागेका हौं। त्यसैले हामीले खानाको कुरालाई सँगै जोडेर भूमि माग्न सक्छौं।***

खानेकुरा र कृषि सुधारसँगको सांस्कृतिक आन्दोलन पनि छ। हामीभित्र भाते संस्कृति आएको छ।

खाद्य अधिकारको कुरा गर्दा सामुदायिक जमिन, सार्वजनिक जमिन उपयोग गर्नुपर्छ। कृषि र खाद्य अधिकारको कुरा गर्दा सामुदायिक वनभित्र आवाज उठाउनुपर्छ। हामीले वनलाई नबिगारी अन्य खाद्य उत्पादन गर्न सक्छौं। वनमारा फुलेर बसेको ठाउँ भूमिहीनले किन प्रयोग नगर्ने ? सम्भावना छ, प्रयास गरौं। वनमारा फुलेर बसेको जमिनले कसलाई फाइदा दिन्छ ? सरकारी खाली वन क्षेत्र छ भने खेती गरेर अधिकार जमाउन सकिन्छ। हामी सामुदायिक वनको कार्ययोजनालाई वनभित्रको जग्गामा खेतीपाती गर्ने योजनामा कसरी पार्न सक्छौ ? निकुञ्जभित्रको कुरा गर्दा मध्यवर्ती क्षेत्रको कुरा गरेर पनि प्रयोग गर्न सकिन्छ।

कृषिको अधिकार, खानाको अधिकारको कुरा गर्दा विरोध आउँदैन तर भूमिको कुरा गर्दा विरोध आउँछ। तर हामीले फलाउन फुलाउन जमिन मागेका हौं। त्यसैले हामीले खानाको कुरालाई सँगै जोडेर लगेर भूमि माग्न सक्छौं। किनकि खानका लागि उत्पादन नै चाहिन्छ। खानका लागि किसानको हातमा जमिन जानुपर्छ। यसरी खाद्य, कृषि र भूमिअधिकारका कुरामा नैतिक दबाब दिन सकिन्छ। यी कुरालाई हाम्रो योजनामा कसरी राख्ने भन्ने कुराचाहिँ महत्वपूर्ण छ। ●

*(भूमिअधिकार आन्दोलनको समीक्षामा पौड्यालले बोलेको आधारमा तयार पारिएको।)*

नयाँ बजेट

# भूमि र कृषिका कार्यक्रम

प्रमुख विपक्षी दल नेकपा माओवादीले विरोध गरेर संसदबाट बजेट ल्याउन नदिएपछि अन्ततः सरकारले अध्यादेशमार्फत् आर्थिक वर्ष २०६७/०६८ का लागि राष्ट्रिय योजना आयोगको हलबाट बजेट पेश गऱ्यो । अर्थ मन्त्री सुरेन्द्र पाण्डेद्वारा जारी उक्त बजेटले भूमिसुधार, कृषि जस्ता विषयमा खासै नयाँ कार्यक्रम पेश गर्न सकेन । हुन त विपक्षी दलहरुले यो सरकार कामचलाउ भएकाले यसले पुरानै कार्यक्रमलाई निरन्तरता दिनुपर्ने भन्दै नयाँ कार्यक्रम नल्याउन खबरदारी गर्दै आएका थिए । त्यही कारण पनि सरकारलाई भूमिसम्वन्धी कार्यक्रम नल्याउन परिस्थिति सहज बन्यो ।

फलस्वरुप झारातिराइका अर्थमा मात्र यो बजेटले भूमि र कृषिसम्बन्धी केही कार्यक्रम उल्लेख गरेको छ । नयाँ यो बजेटमा 'व्यवसायिक भू–उपयोग' शीर्षकमा केही कार्यक्रम अघि सारिएको छ । जसमा उल्लेख भएअनुसार परम्परागत भूमि व्यवस्थापनमा अन्तर्निहित अन्तरविरोध र कमजोरीलाई निर्मूल गरी आर्थिक वृद्धि, व्यावसायिक पद्धति र वातावरणीय सन्तुलन मिलाउन चालू आर्थिक वर्षदेखि भूमि व्यवस्थापनमा परिवर्तनको प्रस्ताव गरिएको उल्लेख छ ।

त्यसैगरी हाल प्रचलनमा रहेको भूमि वर्गीकरणको पद्धतिलाई परिमार्जन गरिने पनि बजेटले उल्लेख गरेको छ । जसअन्तर्गत अबदेखि जग्गालाई कृषि, औद्योगिक, वन, व्यावसायिक, आवासीय र सार्वजनिक गरी छ वर्गमा वर्गीकरण गरिने प्रस्ताव यो बजेटले अघि सारेको छ । यसैअनुरुप स्वामित्व प्रमाणपत्र जारी गरिने पनि यसमा जनाइएको छ ।

जग्गा विकास गरेर आवास गृह बनाउन चाहने व्यक्ति वा कम्पनीले यस्तो जग्गामा पाँच वर्षभित्र आवास निर्माण कार्य सम्पन्न गरी बिक्रीका लागि सबै तयारी पूरा गरिसक्नुपर्ने पनि बजेटले भनेको छ । त्यसैगरी बचत परिचालन गर्ने संस्थाहरुलाई संयुक्त लगानीमा आवास गृह निर्माण गरी प्राथमिकताका आधारमा लक्षित वर्गलाई बिक्री गर्ने नीति अवलम्बन गरिने पनि बजेटमा उल्लेख छ ।




यसरी नै कृषि सुधारतर्फ पनि बजेटले केही कार्यक्रम अघि सारेको छ । जसअन्तर्गत मासु उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन गर्न पशुपालन कार्यक्रम अभियानकै रुपमा सञ्चालन गरिने जनाइएको छ । त्यसैगरी साना किसान विकास ब्याङ्क र साना किसान सहकारीमार्फत् पशुपालक कृषकहरुलाई सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउन १ अर्ब रुपियाँ विनियोजन गरिएको छ ।

विगतदेखि सञ्चालनमा रहेको 'कर्णाली अञ्चल विशेष कृषि उत्पादन कार्यक्रम' का लागि बजेट वृद्धि गरिएको छ । खाद्यान्न अभावको सम्भावना देखिएका अन्य जिल्लामा पनि कृषि उत्पादन बढाउन मलखाद ढुवानी, विउ–विजन, साना सिचाई, तालिम र प्रसारलगायतका कार्यक्रम सञ्चालन गर्न जोड दिइएको छ ।

कृषकहरुलाई रासायनिक तथा प्राङ्गारिक मलमा दिइने अनुदानमा उच्च वृद्धि गरी २ अर्ब ७५ करोड बजेट विनियोजन गरेको पनि बजेटमा उल्लेख छ ।

साना किसानहरुको सहकारी संस्थालाई अलैंची, अदुवा, चिया, कफी र मह प्रशोधन गर्ने मेशिन औजार खरिदमा ५० प्रतिशत अनुदान दिने व्यवस्था मिलाइएको पनि जनाइएको छ । साना किसान सहकारी संस्थाहरुको अनुशरण तथा क्षमता विकास कार्यक्रमलाई बढावा दिन रकम विनियोजन गरेको बजेटमा अर्थ मन्त्री सुरेन्द्र पाण्डेले जानकारी दिएका छन् ।

कृषि क्षेत्रमा अनुसन्धान तथा विकास कार्यक्रम सञ्चालन गर्न ९८ करोड विनियोजन गरिएको छ । त्यसैगरी ठूला कृषि र पशु फार्महरुको स्थापना र सञ्चालन गर्न सहकारी क्षेत्रलाई उत्प्रेरित गरिने बताइएको छ । सहकारी खेतीसम्बन्धी कानुन तर्जुमा गरिने पनि त्यसमा उल्लेख छ । सहकारी खेतीका लागि सरकारले सडक, सिंचाई तथा विद्युत् जस्ता पूर्वाधारको व्यवस्था गर्दै जाने जानकारी पनि दिइएको छ ।

फलफूल तथा तरकारी सङ्कलन केन्द्र, दूध चिस्यान केन्द्र, कोल्डस्टोरेज र पशु बधशाला स्थापना र सञ्चालन गर्न चाहने सहकारीहरुलाई प्रोत्साहन दिन यस्ता कार्यको पुर्वाधार निर्माणमा लाग्ने पुँजीगत खर्चमा अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइएको बजेटमा अर्थ मन्त्रीले उल्लेख गरेका छन् ।

यसरी नै यसै आर्थिक वर्षभित्र सार्वजनिक गोदाम विधेयक तर्जुमा गरिने पनि बजेटमा उल्लेख छ । कृषि तथा पशु बीमा गर्दा लाग्ने प्रिमियमको ५० प्रतिशत रकम अनुदानको रुपमा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिएको पनि उनले बजेट वक्तव्यमार्फत् जानकारी दिएका छन् ।

यसैगरी चालू आर्थिक वर्षमा थप ८१ हजार ४ सय ७५ हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा पुऱ्याउन ९ अर्ब १ करोड बजेट विनियोजन गरिएको जानकारी पनि दिइएको छ । बारा जिल्लाको जमुनी सिँचाई आयोजना र बर्दियाको बबई नदीमा साइफन निर्माण गर्न बजेट छुट्याइएको छ । निर्माणाधीन यी दुवै आयोजनाको कार्यान्वयनबाट थप ४१ हजार हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा पुग्ने दाबी यो बजेटले गरेको छ ।

निर्माणाधीन मझौला सिँचाई आयोजनाहरु सम्पन्न गर्न र नयाँ आयोजनाहरुको अध्ययनका लागि ८६ करोड रुपियाँ बजेट छुट्याइएको छ । गत आर्थिक वर्षदेखि सुरु गरिएको जनताको तटबन्ध कार्यक्रमलाई यो बजेट वक्तव्यले पनि निरन्तरता दिएको छ । ●

# जग्गा कमाउन सित्तैमा काम

टिला चौधरी दाङ जिल्ला नारायणपुर गाविस वडा नं. १ लम्ढरुवा गाउँमा बस्छिन् । परिवारमा १२ जना छन् । २ छोरा र ५ छोरीको आमा यिनी उमेरले ४० वर्ष पुगिन् । ससुराको नाउँमा ३ कठ्ठा जग्गा छ । १ कठ्ठा ३ धुर जग्गा आफैंले किनेको लोग्नेको नाममा छ । जग्गा राम्रो छ । घर भने ऐलानी जग्गामा छ । करिब १२ कठ्ठा जग्गा ऐलानीमा खेती गरिरहेही छन् । ३ कठ्ठा खेत हो भने अरु बारी । सबै जग्गाबाट भएको उब्जनीले यो साल एक महिना खान पुगेन । श्रीमान डकर्मी काम गर्छन् । सातै जनालाई पढाएकी छन् । सानी छोरी एलकेजीमा पढ्छिन् भने जेठी बेचलरमा । पढाउनलाई समूहबाट लिएको ऋण ७० हजार छ । ५ हजार निकाल्यौं भने एक किस्तामा २२५ बुझाउनु पर्दछ । सो रकम २५ किस्तामा बुझाउनुपर्दछ ।

उनी १२ वर्षको उमेरदेखी कमलरी बसेकी थिईन, जमिन्दार कृष्ण ठकुरीको मा । विहान ४ बजे उठेर काममा जानु पर्दथ्यो । भाँडा माझ्ने, खोलाबाट ४ खेप पानी ल्याउने, २ खेप दाउरा ल्याउने, भैंसीलाई दाना पकाएर खुवाउने, घाँस काट्ने, भैंसी चराउने आदि काम गर्नु पर्दथ्यो । यति गरेको खाना खान पाईन्थ्यो । घरमा खान गईस भने धेरै बेर हराउँछेस भनेर खान दिएकोरे । वर्ष भरी काम गरेको ४ मुरी धान पाईन्थ्यो । उनले विगत सुनाईन् ।

निश्चल हमालको मा पनि मेरो नन्दले कमलरी काम गरिन् । पछि उनको विवाह भएपछि जग्गा खोसिदियो । त्यसबेला, जमिन्दारसँग झगडा गर्ने भनेर ससुराले पनि गाली गरे ।

गाउँको सचीबको जग्गा कमाएको छु । एक ठाउँमा ७ कठ्ठा छ । एक ठाउँमा ३ कठ्ठा । उत्पादन देखी सबै कुरा आधा हो । मल बराबर हो । बिउ उसैले दिन्छ । तर धान पाकेपछि बिउ झिक्छ । हाईब्रिड किनेको पनि बराबर पैसा हाल्नुपर्दछ । ब्याड राख्ने बेला १ पाथी विउ भिजाएको मा ४ पाथी निकाल्छ । यँही अन्याय छ । धान आफैं लान्छ । पराल बाँधेर राखेपछि बेच्छ । दशैंमा घर पोतिदिनुपर्दछ । मोही किन लेखाईस भनेर एक पटक कुट्यो । डराएर मोही निकाल्नेहरु पनि छन् । नडराउनेहरु मोही कट्टा गर्न मानेका छैनन् । भाँडा माझीदिनुपर्दछ । दाउरा काटिदिनुपर्दछ । धान पिस्न मिल जानुपर्दछ । घर लिपपोत गर्नुपर्दछ ।

संगठन बनाएपछि जमिन्दारले काम अह्राउन आउन सकेको छैन । जिम्दार्नीले नेतानी भएर हिँडिस् ? भन्दा धेरै गएको ठाउँमा हामी पनि गयौं त के फरक भयो भन्दिएँ । ●

# आन्दोलनको अगुवा

### नेतृत्व काममा देखिन्छ

विद्यमान अन्यायपूर्ण, असहज र अप्ठेरो परिस्थितिलाई बुझेर चुनौतीको सामना गर्न तयार हुँदै परिवर्तनका लागि कडा मेहनत गर्ने व्यक्ति नै साँचो अर्थमा अगुवा हुन्छ। यसका लागि साक्षरता, विश्वविद्यालयको डिग्री, राम्रो रुप र वाकपटुता हुनैपर्छ भन्ने छैन। **अगुवाको स्वाद कामबाट मात्र चाखिन्छ।** कोही व्यक्ति राम्रो बोल्छ, राम्रो लेख्छ, राम्रो पढ्छ, सुन्दर देखिन्छ तर जनताको पक्षमा उभिँदैन भने त्यसलाई कदापि अगुवा भन्न सकिँदैन।

### दिएको हैन, स्वीकारेको नेतृत्व

नेतृत्व कसैले दिएको पदले स्थापित गर्दैन। यो क्षणिक हुन्छ। यो संस्था वा सङ्गठनले तोकिदिएर हुने हैन। जनताले स्वीकार्ने स्थिति नै नेतृत्व हो। स्वीकार्यताविना नेतृत्व हुँदैन, पदमात्र हुन्छ। जनताले नेतृत्वलाई हरहमेसा रखवारी गरिरहेका हुन्छन्। जसले जनताका लागि चुनौती बहन गर्न सक्छ, जसले अन्याय, शोषण र अभावको कारणलाई आफ्नो परिवार र आफ्नो जीवनभन्दा अगाडि राख्छ, ऊ नै नेतृत्वमा स्थापित हुन्छ।

संस्था, सङ्गठन, आन्दोलनमा आउने सङ्कट नेतृत्वले कसरी सामना गर्छ भन्ने कुरा नै अगुवाको असली जाँचपड्तालको विषय हो । लड्ने र सङ्घर्ष गर्ने बेलामा भाग्ने, पर्दा बहाना देखाएर पन्छने छेरुवाभस नेतृत्व पनि कहिल्यै स्थापित हुन सक्दैन।

### अगुवाको पहिचान

काम नै नेतृत्व पहिचान वा छनौटको प्रमुख आधार हो। अन्याय र शोषणप्रति आक्रोश छ वा छैन ? आफ्ना मुद्दा राम्ररी अरुलाई बुझाउन सक्छ वा सक्दैन ? जिम्मेवारी लिन जागरुक हुन्छ वा अरुलाई दोष देखाएर आफू उम्किन खोज्छ ? नयाँ र ठीक जुक्ति निकाल्न सक्छ वा सक्दैन ? समयअनुसार निर्णय लिन सक्छ वा सक्दैन ? आफ्नो कामप्रति आशावादी छ वा छैन ? काममा भिड्छ वा पानीमा तेल तर्केको जसरी तर्किन्छ ? यी कुरा नै को अगुवा हो र को हैन भन्ने पहिचानको आधार हो।

एउटा असल अगुवा सामान्य जनता जस्तो हो, ऊ पनि उस्तै हो। भिन्न र फरक भन्ने हुँदैन। अगुवा असल स्रोता, प्रष्ट वक्ता, सहयोगी हुन्छ। अरुले गरेको कामको जस लुट्न खोज्ने हैन कि आफूले गरेको कामको जस पनि सबैलाई बाँड्छ। मेहनतपूर्वक काम गर्दछ। इमानदार हुन्छ। अठोट र भविष्यको मार्गचित्र प्रष्ट गरेर अगाडि बढ्छ। आफैंले आफ्नो सीमा बुझेको हुन्छ।

अगुवाले रिसलाई रुपान्तरणको इन्धन बनाउन सक्नुपर्दछ। जोसँग खराब स्थिति परिवर्तन गर्ने दृढता हुन्छ। उसले धेरै कुरा नेतृत्वको क्रममा पनि सिक्न सक्छ। जोसँग यो रिस, अठोट र चुनौती सामना गर्ने हिम्मत छैन, उसले केही गरिखान सक्दैन। आक्रोश र चुनौती सामना गर्ने गुण जन्मजात गुण हुन। यो तालिममा सिकाएर आउने कुरा हैन। एउटा असल अगुवा सिक्नका लागि जहिल्यै तयार हुनुपर्दछ। अर्काको मात्र गल्ती देख्ने, अरुलाई अनादार गर्ने, मैले सबै जानेको छु भन्ने भावना भएको मान्छे कहिल्यै अगुवा हुन सक्दैन र भएको पनि छैन।

अगुवाले सदस्यलाई उत्प्रेरित गर्नुपर्दछ र काममा निर्दिष्ट गराउनुपर्दछ। नेतृत्व ज्ञानमा मात्र हैन, व्यवहारमा जाँचिन्छ। अरुले गरिदिएर नेतृत्वमा अगाडि हुत्याइदिएको अगुवा पपेट जस्तै हो। क्षमता नबढाई र क्षमता नभई जिम्मेवारी दिएरमात्र नेतृत्व स्थापित हुने हैन।

नेतृत्वले निर्णय लिन सक्नुपर्दछ। निर्णयका पनि तह हुन्छन्। अगुवाको जिम्मेवारीअनुरुप नै कुन तहको निर्णयमा सहभागी हुने भन्ने निक्यौंल हुन आवश्यक छ। अगुवाले सदस्यलाई अन्यायपूर्ण परिवेश र व्यवस्थालाई इन्कार गर्ने स्थिति ल्याउन सक्नुपर्दछ। अठोट (सपना) त अगुवामा हुनै पर्दछ तर यो सपना बाँड्ने क्षमता पनि त्यत्तिकै आवश्यक छ। यसका लागि विभिन्न माध्यम हुन्छन्। त्यसमध्ये लेखाई एउटा माध्यम हो। अगुवाले सदस्यका विभिन्न क्षमता चिन्न र सोहीअनुसारको जिम्मेवारी दिन सक्नुपर्दछ। अगुवा र सङ्गठनमा फरक हुन्छ। अगुवाले व्यवस्थापनका मसिना कुरामा पनि ध्यान दिनुपर्ने हुन्छ भने सङ्गठक व्यवस्थापनका काममा अलमलिँदैन। ●

सङ्घर्ष

# आमा-बाबु भन्नु नै भूमिअधिकार आन्दोलन



■ पार्वती डगौरा

८ वर्षको हुँदासम्म आमा-बाबुसँगै बसें। त्यसपछि काम गर्न सक्ने भइसकी भन्दै जमिनदारकी बहिनी हिरा जोशीको घरमा पठाइयो। त्यहाँ बच्चा खेलाउने, भाँडा माझ्ने, घाँस काट्ने, भैंसी चराउने, मालिकका बच्चाका लागि स्कुलमा खाजा पुऱ्याउने जस्ता काम गर्नुपर्थ्यो। ४ वर्ष त्यहाँ बस्दा मैले राम्रो खान र लाउन पाइन। मालिकलाई चित्त बुझ्दो काम नहुँदा पिटाइ खानुपर्थ्यो। थरुनी भनी गाली खानु त सामान्य थियो।

खानामा सधैं बासी भात, लुगामा अरुले लगाएको पुरानो, दिनदिनैको गाली र पिटाइ सहन नसकी एक दिन भागेर घरमा आएँ। मालिक्नीले खाना र लुगावापत ६ हजार ऋण लागेको भनी उल्टै मेरा बाबुबाट असुल गर्न खोजिन्। त्यो ६ हजार ऋण तिर्नकै लागि मलाई बाबुले धनगढीको एक होटेलमा काममा लगाइदिए। महिनाको १५० रुपैयाँ तलव दिने कुरा भयो। २ महिना भाँडा माझें। साहूको छोराले नराम्रो व्यवहार गर्न खोज्दा भागेर घरमा आएँ। ऋण तिर्न बाँकी नै थियो। पछि धनगढीकै दामोदर भट्टको घरमा कमलरी बसें तर त्यहाँ भने दुःख थिएन। मासिक ५०० रुपैयाँ तलव पनि पाइन्थ्यो।

त्यतिबेला १७ वर्षकी थिएँ। बुबाले मेरो बिहेको कुरा छिनेका रहेछन्। मलाई थाहा थिएन। दिदीको नन्दको बिहेमा सहयोग गर्नुपर्छ भनी बोलाइयो। त्यहाँबाटै तानेर (जवर्जस्ती) लगी श्रीपुर पचोहीका छोटेलाल डगौरासँग बिहे गराइयो। त्यो सामान्य परिवार थियो। १८ कट्ठा जग्गामा भएको उब्जनीले वर्षभर खान नपुग्ने हुनाले अधिया गरेर गुजारा गर्नुपर्थ्यो। पहाडीको घरमा काम गरेकी केही जान्दिन भनी सधैं श्रीमान् र सासू-ससुराबाट पिटाइ खानुपर्थ्यो। सहेर बस्न खोज्दा पनि नसकेर छुट्टियौं। २ कट्ठा जग्गा भागमा आयो। त्यसले खान लाउन नपुगेर कमैया बस्यौं। कमैया मुक्ति हुँदा कोइरालबोझियामा ५ कट्ठा जमिन पायौं। त्यो पनि श्रीमान्ले बेचिदियो।

भूमिसुधार कार्यालयबाट मुक्त कमैया परिवारका महिलालाई साइकल मर्मत तालिम दिइयो। मैले पनि तालिम लिएँ। साइकल मर्मतको काम गर्दै जाँदा किराना पसलसम्म राखें तर श्रीमान्ले गरेर खान दिएनन्। सधैं कुटाइ खानुपर्थ्यो।

यति भएपछि सहन नसकी मर्छु भन्ने सोचमा थिएँ। यो कुरा चुके चौधरीलाई थाहा भयो। उनले मसँग आफू बिहे गरी पाल्न तयार रहेको कुरा खोले। उनले तिमीलाई समाजमा राम्रो बनाएर देखाउँछु भनेपछि म बिहे गर्न मञ्जुर भएँ।

जग्गा थिएन, हामी बेलकुण्डियाको सुकुम्वासी टोलमा बस्यौं। त्यस टोलमा २०६४ सालमा भूमिअधिकार मञ्च गठन भयो। म गाउँ मञ्चको उपाध्यक्ष भएँ। महिनाको दुई पटक छलफल हुन्थ्यो। म जिम्मेवार पदमा भएकाले नछुटाई सबै छलफल, बैठकमा भाग लिन्थें। छलफलमा भएका कुरा श्रीमान्लाई पनि सुनाउँथे। भूमिअधिकारका विषयमा छलफल हुँदा एक दिन मेरा कुरा सबैलाई सुनाउँछु भन्ने लाग्थ्यो तर बोल्न खोज्दा जिउ काम्थ्यो। अभियानमा सक्रियता बढ्दै गएपछि अगुवा छनौट भएँ। आफ्ना कुराहरु राख्न थाले। २०६६ साउन १७ गते कञ्चनपुरमा भएको भीमदत्त पन्त स्मृति दिवशमा गीत गाएँ। माइक समातेर बोलेको पहिलो दिन थियो- त्यो। माइकबाट गीत गाएपछि भाषण पनि गर्न सक्छु भन्ने लागेर २०६६ फागुन १५ गते जिल्ला मञ्चको दोस्रो सम्मेलनको उद्घाटन क्रममा आफ्ना पीडा राखें।

मञ्चको जिल्ला समितिका लागि कृष्णपुर गा.वि.स.बाट प्रतिनिधि छनौट भएँ। जिल्ला समितिका पदाधिकारी चयन गर्दा अध्यक्ष नै हुने मौका पाएँ। जुन कुरा मैले साचेको पनि थिइन। अध्यक्षमा चयन भएपछि मलाई खुशीसँगै चिन्ता पनि लाग्यो। किनभने त्यो ठूलो जिम्मेवारी थियो। टोलमा पुगेपछि सबैले अध्यक्ष भएकोमा ताली बजाएर स्वागत गरे। बधाई दिए। आफूमा आएको जिम्मेवारी पूरा गर्न सल्लाह पनि दिए।

म भूमिअधिकार आन्दोलनमा लागेपछि मेरो श्रीमान्ले सधैं सहयोग गर्नुभएको छ। मैले सोचेअनुसार तिम्रो प्रगति हुँदै गइरहेको छ भनी हौसला दिने गर्नुहुन्छ। श्रीमान्ले ५ कक्षा पढ्नुभएको छ। उहाँले नै सिकाएर म पनि नेपाली अक्षर पढ्न सक्ने भएकी छु।

भूमिमा महिला अधिकार पदयात्राले मेरो जीवनमा अर्को खुशी ल्याइदिएको छ। मेरो पहिलाको घरमा २ छोरा थिए। मैले अर्को बिहे गरेपछि पुरानो श्रीमान्ले दुवैलाई भारतको सुरत भन्ने ठाउँमा बेचेको रहेछ। भूमिमा महिला अधिकार पदयात्राका बेला मेरोबारेमा सबै कुरा थाहा पाएपछि पहिलेको श्रीमान्ले घरमा बोलाएर मैले बच्चा बेचेर गल्ती गरें, तिमी ल्याएर पाल भने। अनि मैले त्यो घरबाट छोराहरुको अंशसमेत लिएर पाल्छु भनेकी छु। आफ्ना छोराहरु पाउने भएपछि म खुशी छु। मेरो जीवनमा यो खुशी भूमिअधिकार आन्दोलनले ल्याइदिएको छ। आमा-बाबुले नदिएको ज्ञान यो अभियानले दिएको छ। त्यसैले मेरो आमा-बाबु भन्नु नै भूमिअधिकार आन्दोलन बनेको छ। ●

*- प्रस्तुति नरीराम लोहार*

सङ्घर्ष

# आमा-बाबु भन्नु नै भूमिअधिकार आन्दोलन



■ पार्वती डगौरा

७ वर्षको हुँदासम्म आमा-बाबुसँगै बसें। त्यसपछि काम गर्न सक्ने भइसकी भन्दै जमिनदारकी बहिनी हिरा जोशीको घरमा पठाइयो। त्यहाँ बच्चा खेलाउने, भाँडा माझ्ने, घाँस काट्ने, भैंसी चराउने, मालिकका बच्चाका लागि स्कुलमा खाजा पुर्‍याउने जस्ता काम गर्नुपर्थ्यो। ४ वर्ष त्यहाँ बस्दा मैले राम्रो खान र लाउन पाइन। मालिकलाई चित्त बुझ्दो काम नहुँदा पिटाइ खानुपर्थ्यो। थरुनी भनी गाली खानु त सामान्य थियो।

खानामा सधैं बासी भात, लुगामा अरुले लगाएको पुरानो, दिनदिनैको गाली र पिटाइ सहन नसकी एक दिन भागेर घरमा आएँ। मालिक्नीले खाना र लुगावापत ६ हजार ऋण लागेको भनी उल्टै मेरा बाबुबाट असुल गर्न खोजिन्। त्यो ६ हजार ऋण तिर्नकै लागि मलाई बाबुले धनगढीको एक होटेलमा काममा लगाइदिए। महिनाको १५० रुपैयाँ तलव दिने कुरा भयो। २ महिना भाँडा माझें। साहूको छोराले नराम्रो व्यवहार गर्न खोज्दा भागेर घरमा आएँ। ऋण तिर्न बाँकी नै थियो। पछि धनगढीकै दामोदर भट्टको घरमा कमलरी बसें तर त्यहाँ भने दुःख थिएन। मासिक ५०० रुपैयाँ तलव पनि पाइन्थ्यो।

त्यतिबेला १७ वर्षकी थिएँ। बुबाले मेरो बिहेको कुरा छिनेका रहेछन्। मलाई थाहा थिएन। दिदीको नन्दको बिहेमा सहयोग गर्नुपर्छ भनी बोलाइयो। त्यहाँबाटै तानेर (जबर्जस्ती) लगी श्रीपुर पचोहीका छोटेलाल डगौरासँग बिहे गराइयो। त्यो सामान्य परिवार थियो। १८ कट्ठा जग्गामा भएको उब्जनीले वर्षभर खान नपुग्ने हुनाले अधिया गरेर गुजारा गर्नुपर्थ्यो। पहाडीको घरमा काम गरेकी केही जान्दिन भनी सधैं श्रीमान् र सासू-ससुराबाट पिटाइ खानुपर्थ्यो। सहेर बस्न खोज्दा पनि नसकेर छुट्टियौं। २ कट्ठा जग्गा भागमा आयो। त्यसले खान लाउन नपुगेर कमैया बस्यौं। कमैया मुक्ति हुँदा कोइरालबोझियामा ५ कट्ठा जमिन पायौं। त्यो पनि श्रीमान्ले बेचिदियो।

भूमिसुधार कार्यालयबाट मुक्त कमैया परिवारका महिलालाई साइकल मर्मत तालिम दिइयो। मैले पनि तालिम लिएँ। साइकल मर्मतको काम गर्दै जाँदा किराना पसलसम्म राखें तर श्रीमान्ले गरेर खान दिएनन्। सधैं कुटाइ खानुपर्थ्यो।

यति भएपछि सहन नसकी मर्छु भन्ने सोचमा थिएँ। यो कुरा चुके चौधरीलाई थाहा भयो। उनले मसँग आफू बिहे गरी पाल्न तयार रहेको कुरा खोले। उनले तिमीलाई समाजमा राम्रो बनाएर देखाउँछु भनेपछि म बिहे गर्न मञ्जुर भएँ।

जग्गा थिएन, हामी बेलकुण्डियाको सुकुम्बासी टोलमा बस्यौं। त्यस टोलमा २०६४ सालमा भूमिअधिकार मञ्च गठन भयो। म गाउँ मञ्चको उपाध्यक्ष भएँ। महिनाको दुई पटक छलफल हुन्थ्यो। म जिम्मेवार पदमा भएकाले नछुटाई सबै छलफल, बैठकमा भाग लिन्थें। छलफलमा भएका कुरा श्रीमान्लाई पनि सुनाउँथे। भूमिअधिकारका विषयमा छलफल हुँदा एक दिन मेरा कुरा सबैलाई सुनाउँछु भन्ने लाग्यो तर बोल्न खोज्दा जिउ काम्थ्यो। अभियानमा सक्रियता बढ्दै गएपछि अगुवा छनौट भएँ। आफ्ना कुराहरु राख्न थाले। २०६६ साउन १७ गते कञ्चनपुरमा भएको भीमदत्त पन्त स्मृति दिवशमा गीत गाएँ। माइक समातेर बोलेको पहिलो दिन थियो- त्यो। माइकबाट गीत गाएपछि भाषण पनि गर्न सक्छु भन्ने लागेर २०६६ फागुन १५ गते जिल्ला मञ्चको दोस्रो सम्मेलनको उद्घाटन क्रममा आफ्ना पीडा राखें।

मञ्चको जिल्ला समितिका लागि कृष्णपुर गा.वि.स.बाट प्रतिनिधि छनौट भएँ। जिल्ला समितिका पदाधिकारी चयन गर्दा अध्यक्ष नै हुने मौका पाएँ। जुन कुरा मैले साचेको पनि थिइन। अध्यक्षमा चयन भएपछि मलाई खुशीसँगै चिन्ता पनि लाग्यो। किनभने त्यो ठूलो जिम्मेवारी थियो। टोलमा पुगेपछि सबैले अध्यक्ष भएकोमा ताली बजाएर स्वागत गरे। बधाई दिए। आफूमा आएको जिम्मेवारी पूरा गर्न सल्लाह पनि दिए।

म भूमिअधिकार आन्दोलनमा लागेपछि मेरो श्रीमान्ले सधैं सहयोग गर्नुभएको छ। मैले सोचेअनुसार तिम्रो प्रगति हुँदै गइरहेको छ भनी हौसला दिने गर्नुहुन्छ। श्रीमान्ले ५ कक्षा पढ्नुभएको छ। उहाँले नै सिकाएर म पनि नेपाली अक्षर पढ्न सक्ने भएकी छु।

भूमिमा महिला अधिकार पदयात्राले मेरो जीवनमा अर्को खुशी ल्याइदिएको छ। मेरो पहिलाको घरमा २ छोरा थिए। मैले अर्को बिहे गरेपछि पुरानो श्रीमान्ले दुवैलाई भारतको सुरत भन्ने ठाउँमा बेचेको रहेछ। भूमिमा महिला अधिकार पदयात्राका बेला मेरोबारेमा सबै कुरा थाहा पाएपछि पहिलेको श्रीमान्ले घरमा बोलाएर मैले बच्चा बेचेर गल्ती गरें, तिमी ल्याएर पाल भने। अनि मैले त्यो घरबाट छोराहरुको अंशसमेत लिएर पाल्छु भनेकी छु। आफ्ना छोराहरु पाउने भएपछि म खुशी छु। मेरो जीवनमा यो खुशी भूमिअधिकार आन्दोलनले ल्याइदिएको छ। आमा-वाबुले नदिएको ज्ञान यो अभियानले दिएको छ। त्यसैले मेरो आमा-बाबु भन्नु नै भूमिअधिकार आन्दोलन बनेको छ। ●

*- प्रस्तुति नरीराम लोहार*

# पदमकुमारीमा आएको परिवर्तन

पदमकुमारी माझी सिन्धुपाल्चोकको भीमटार गाविस वडा नं. ३ ढोटार गाउँमा बस्छिन् । खोलामा घट्ट थाप्ने, माछा मार्ने गरेर जीविका चल्दै थियो । तर जब गाउँमा बिजुली पुग्यो, आधुनिक मिलहरु खुले । यहीबीचमा परिवार पनि बढ्दै गयो । घट्टको आम्दानीले खान पुग्न छोड्यो । खोलामा विषादी प्रयोग गर्ने र ठाउँठाउँमा क्रसर उद्योग खुलेकाले माछा पनि पाइन छाड्यो ।

घट्ट चलाउनु पनि सजिलो त कहाँ थियो र ? ऐलानी जग्गामा घट्ट थाप्न पाउँदैनस् भनेर उनकी जेठी छोरीलाई गाउँका जमिनदारले घट्टको डुँडमा हालिदिएको हिँजै हो जस्तो लाग्छ उनलाई । धन्न अर्को घटेरोले पानी मारिदिएकाले बाँचेकी थिइन् छोरी ।

यस्तो अवस्थाबीच उनीहरु विकल्प खोज्न थाले । इन्द्रावती खोलाले छोडेको ऐलानी बगर जोतभोग गर्ने, अरु जग्गावालको जग्गा कमाई कुत बुझाएर बाँकी रहेको खाने, ज्याला मजदुरी गर्ने आदि काममा लाग्यो उनको परिवार । जिल्लामा भूमिअधिकार आन्दोलन चलिरहेको थियो । आन्दोलन विस्तार हुने क्रममा २०५९ सालबाट यो गाउँमा पनि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहयोगमा सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्चले काम सुरु गरे । अनि बल्ल पदमकुमारीहरुलाई अन्यायमा परेको आभाष हुन थाल्यो ।

फलस्वरुप पदमकुमारी माझी ढोटार गाउँ भूमिअधिकार मञ्चकी अध्यक्ष भइन् । यो सङ्गठनमा ३० जना छन् । जसमा २२ जना महिला छन् । सङ्गठन बनाएपछि उनीहरुले सबैभन्दा पहिले आफूले भोग गरिरहेको तर दर्ता हुन नसकेको जग्गाको पूर्जा पाउनका लागि गाविसबाट सिफारिस लिन सङ्घर्ष गरे । २ पटक गाविस घेरेपछि सिफारिस लिन उनीहरु सफल पनि भए ।



त्यसपछि उनीहरुको यात्रा जिल्ला पुग्यो । गाउँकै सिफारिसका आधारमा उनीहरुले जिल्ला मालपोतमा निवेदन हाले ।

२०६० साल भदौमा गाउँभरका माझी समुदाय मालपोत पुगेर धर्नामा सहभागी भयो । परिश्रमको फल मीठो हुन्छ भन्ने उनीहरुले त्यतिखेर अनुभव गरे, जतिबेला यही आन्दोलनका कारण २२ घरले आफ्नो नाममा जग्गाधनी पूर्जा पाए । यिनै भाग्यमानी २२ जनामध्येकी पदमकुमारीले ४ रोपनी जग्गाको पूर्जा पाइन् । जुन उनको परिवारको पहिलो पूर्जा थियो ।

९ महिनाअघि मात्र गाउँभरका गरीब महिलाको सहकारी बनाउने अभियानमा जुटेकी छन् पदमकुमारी । महिला सहकारीको तदर्थ समिति बनिसकेको छ । उनी त्यसको भने कोषाध्यक्ष छन् । संस्थाले सहकारीसम्वन्धी कानुनी ज्ञान दियो । अहिले केही बीउ पुँजी दिने योजना गरिरहेको छ ।

भूमिअधिकार आन्दोलनमा लागेपछि भूमिअधिकारको विषय सँगसँगै गाविसका आएको बजेटमा दाबी गर्ने गरेका छन् उनीहरुले । माझी जातिको अधिकार बुझ्न जातीय सङ्गठनहरुसँग सम्वन्ध बढाउन थालेका छन् । लालपूर्जामात्र हैन, सङ्गठनले अरु अधिकार प्राप्त गर्न पनि शक्ति जुराएको उनीहरुको ठम्याइ छ । 'म गाउँमा भएका जायज र नाजायज कुरा खुलस्त भन्न सक्छु, यही हो ममा आएको परिवर्तन'- उनको प्रतिक्रिया छ । गाउँमा चलाएको भूमि सिकाई केन्द्रले अधिकारबारे बुझ्न र बोल्न सिकाएको उनको बुझाइ छ ।

२०६६ सालमा ठूलो भेला गरेर कुत तिर्न छाडिएको छ । सरकारी जग्गाको कुत सामन्तले त्यत्तिकै खाएका रहेछन् । आफ्नो धान आफैंले खायौं । केही प्रमाण नभएको जग्गा रहेछ । ढुङ्गा पल्टायौं । खायौं । सङ्गठन बनाएपछि सय परिवार माझीको एउटै मुख छ । सङ्गठनको कारणले ८ पाथी धानको बीउ जाने जग्गामा खेती गर्न पाइएको छ । अरु बगरको जग्गा पनि बढाउँदैछौं । १५, १६ मुरी धान फल्छ । लेदो पसेको छैन । लेदो पसेपछि अझै बढी फल्छ- खुशी व्यक्त गर्छिन उनी ।

४८ वर्षीया पदमकुमारीले रातोदिन काम गर्दा पनि कहिल्यै पेटभर खान पाइनन् । जिन्दगी घाँस दाउरा र खेतीमै बित्दा पनि कैयौं दिन भोकै गए । तर अहिले आन्दोलनमा लागेपछि परिवार पाल्न सजिलो भएको छ । १६ मुरी धान फल्ने खेतको ८ मुरी कुत बुझाउनुपर्दथ्यो, अहिले त्यो बाध्यताबाट पनि मुक्ति मिलेको छ उनको परिवारलाई । अब हामी सङ्गठनलाई मजबुत बनाउँछौं र जस्तोसुकै अन्यायविरुद्ध पनि लड्न सक्छौं भन्ने उद्घोष सगर्व गर्छिन् पदमकुमारी ।

यो आन्दोलनमा अघि बढ्न उनलाई परिवारले पनि पूर्ण साथ दिएको छ । मन्त्री भेट्न काठमाडौं आएका बेला नेपाल एफएममा १५ मिनेट आफ्ना कुरा बोल्न पाउनुलाई उनले कस्ता गौरवको विषय ठानेकी छैनन् । गाउँका अन्याय र अत्याचारबारे पर्दाफास गर्न पाउँदा खुशीको सीमा नै नरहेको भनाइ उनको छ ।

# सङ्गठन र सामूहिक खेती

बर्दिया जिल्ला मगरागाडी गाविस भरनीया फाँटमा शुरुको बस्ती ०२४ सालमाा बसेको थियो । खेती राम्रो नभएको र जंगली जनावरले दुख दिएकाले मानीसहरु बसेनन् । दोस्रो पटक २०४६ सालमा बस्ती बस्यो तर ०५० सालमा हात्ती प्रयोग गरेर उठाईयो । पछिल्लो पटक २०६५ जेठमा भूमिअधिकार मञ्चको नेतृत्वमा बस्ती बस्यो । अहिले १०७ घरको बसोवास छ । वडा नं. ६ का जग्गा नभएका परिवारलाई मात्र यहाँ बस्न दिईएको छ । सबैले अन्दाजी ५ कठ्ठा जग्गामा धान खेती गरेका छन् । निरन्तरको छलफल पछि प्रमुख राजनीतिक दलका स्थानीय ईकाई, सामुदायीक बन र भूमिअधिकार मञ्च विच उपयुक्त विकल्प नभई नउठाउने सहमती भएको छ । करिब २ विगाह जग्गामा सामुहीक खेती गरेका छन् । त्यो आम्दानी संगठनको हुनेछ ।

सदरमुकाम गुलरीया जान हिंडेर ४ घण्टा लाग्छ तर यस संगठनका हरेक सदस्य प्रत्येक कार्यक्रममा जान्छन् । अध्यक्ष दुर्गा थापा भन्नुहुन्छ, हामी सँग केही छैन तर मान्छे छौं । हाम्रो बल जतिखेर पनि संगठन र आन्दोलनलाई दिन्छौं । अहिलेको खेतीबाट केही नफले पनि प्रति परिवार ५ क्विन्टलका दरले ५ सय क्विन्टल धान भित्रीने अनुमान छ । यि मध्ये ८० प्रतिशत परिवार वटैयामा पनि खेती गर्छन् । संगठनकी रामकली भन्छिन, यसपाली आफ्नै खेतको भात खाने हो ।

हामीलाई मगराढीकै वडा नं. ४ को जनचेतना भूमिअधिकार मञ्चमा पुग्न सजिलो भयो । भरखरै बनाएको टिनको छानो हालेको भूमीघर टाढैबाट छुट्टिन्थ्यो । यो वस्तीमा कमैया र सुकुम्वासी दुवै छन् । ५२ घरको वसोवास भएका सबैको ५/५ कठ्ठा नापजाँच भएको छ । यसमध्ये १४ परिवारले पुर्जा पाएका छन् । सबै परिवार सामुदायिक बनको सदस्य छन् । विजुली बत्ती पनि यसै पाली ल्याईएको छ । मन नै लोभिने बैठक घर बनाउन उनिहरुले केही सहयोग सामुदायिक बन उपभोक्ता समूहबाट लिएका हुन भने धेरै आफुहरुकै खटाईबाट बनाएका हुन् । सबैले पूर्जा पाएपछि मञ्चको पहिलो काम पुरा हुन्छ । अरु काम त धेरै बाँकी छन् । गर्दै जाने हो । उनिहरुको बुझाई छ ।

मगरागाडीकै वडा नं. ३ को बनमोती फाँटामा पुग्दा त्यँहाको सामुहीक रुपमा लगाएको मास वाली उठाउने कार्य लोभलाग्दो थियो । बनमोती भूमिअधिकार मञ्चमा संगठीत १०५ परिवार सामुदायिक बन छेउको ७ विगाहमा घर बनाएर बसेका छन् । सामुदायिक बनसँग समन्वय गरेर २० विगाहमा मास, मकै र धान खेती गरेका छन् । २०६६ मंसिर २० गते बनाएको यो संगठनले पशुपती सामुदायिक बन उपभोक्ता समूहको अध्यक्ष पनि आफ्नै संगठनबाट बनाएका छन् । उनिहरुले यस वर्ष १० क्विन्टल मास र १०० क्विन्टल धान फल्ने हिसाव गर्छन् ।

बनमोती संगठनमा बस्न र छलफल गर्न पुगेको थिएन । पदनाहाको ववुहामा पुग्नु पर्ने भएकाले हामी हिँड्यौं । ववुहामा करिव २५ महिला सामूहीक खेतीको लागी खन्दै रहेछन् । पदनाहामा ५५ घर छन् । यसमध्ये ३१ घरले जग्गा पाएका छन् । यसपाली लडेर विजुलीको खम्वा ल्याएका छन्

तर तार अझै टाँगीएको छैन । सहकारीमा ६९, २०० रकम पुगेको छ । भूमिअधिकार आन्दोलनको तर्फबाट ३० हजार अनुदान दिईएको थियो । २२ हजारको तरकारी वेचेका छन् । पाहुना आए खुवाउन भनेर ३ वोरा धान राखिएको छ । २ कोठाको भूमी घर छ । ●

| स्थान | संगठीत परिवार | व्यक्तिगत रुपमा भोग गरिरहेको जग्गा (विघा) | सामूहीक खेती र उपभोग भईरहेको जग्गा (विघा) | तरकारी | मास उत्पादन (क्विन्टल) | धान उत्पादन (क्विन्टल) |
|---|---|---|---|---|---|---|
| मगरागाडी, ६ भरनीया फाँट | १०७ | १६ | २ | | १ | ५०० |
| मगरागाडी, ४ | ५२ | १३ | १ | | | २०० |
| मगरागाडी, ३ बनमोती फाँटा | १०५ | ७ | २० | | १० | १०० |
| पदनाहा गाविस ववुहा | ५५ | १३ | २ | २०,००० | | ७५ |
| जम्मा | ३१९ | ४९ | २५ | | ११ | ८७५ |
| मुल्य रु. (मास प्रति केजी १२० र धान प्रतिकेजी १५ ले हिसाव गर्दा) | | | | २०,००० | १३२,००० | १३१२५०० |
| कुल | | | | | | १४६४४५०० |

# आन्दोलन यात्रा



■ सरस्वती नेपाली

## दियालोले जगाएको उत्साह

२०६१ सालमा काठमाडौंको जाउलाखेलस्थित स्टाफ कलेजमा आयोजित भूमिमा महिला अधिकारसम्बन्धी कार्यक्रममा सहभागी भएँ । त्यति बेलासम्म मेरा लागि भूमिअधिकार आन्दोलन के हो भन्ने विषय नै नौलो थियो । कार्यक्रममा दियालो परिवारले प्रस्तुत गरेको नाटकबाट म प्रभावित भएँ । हलिया पुनर्स्थापना, गरीब भूमिहीनको गास, बासको अवस्था, भूमिमा महिलाको अधिकार हक कायम गर्नुपर्ने जस्ता काम महत्वपूर्ण रहेछन् भन्ने बल्ल बुझें ।

## मीठो तालिमको नमीठो यात्रा

२०६५ सालमा सापाको सहयोग र एकता परिषदको आयोजनमा अहिंसा र हिंसासम्बन्धी तालिम भारतको दिल्लीमा गरिएको थियो । त्यहाँ जानका लागि भदौ २० गते बिहानको चढें । साह्रै पानी परेको थियो । जताततै पहिरो । त्यसैले डडेल्धुरामै बस्न बाध्य भएँ ।

भोलिपल्ट सानो किया गाडीमा डडेल्धुराको भत्कडासम्म पुगियो । त्यहाँबाट अघि बढ्ने बाटो थिएन । हिंडेरै बुडर पुगियो । त्यहाँबाट राति २ बजे नै हिडियो । चर्को हिडाइका कारण खुट्टामा फोका उठेर हिंडनै नमिल्ने भइसकेको थियो । बेला बेलामा रुन्थें पनि । धनगढी पुग्न पाए ७ दिनसम्म सुत्थें भन्ने लाग्थ्यो । बल्ल ६ बजे खानीडाँडा पुगियो । त्यहाँ पुग्दा साह्रै भोक लागेको थियो ।

होटलमा कोठा सोधें । खाना खाएमात्र पाइने बताए । थकान थिएँ । त्यसैले अन्त जाने अवस्था पनि थिएन । खाना नखाएरै त्यसको पैसा तिरेपछि बल्ल कोठा पाइयो । बल्ल हिलाम्मे लुगा लगाएरै काठमाडौं पुगें ।

दिल्ली एयरपोर्टबाट बाहिर निस्कँदा अँध्यारो भइसकेको थियो । कहाँ जाने, के गर्ने अन्योलमा परियो । त्यहाँको अफिसमा फोन गर्दा बल्ल थाहा भयो- हामीलाई लिन एक जना ड्राइभर प्लेकार्डमा सरस्वती र शारदा लेखेर कुरिरहेका रहेछन् । तालिम अवधिमा भएको मूल्याङ्कनमा सक्रिय सहभागीमा छनौट भएँ, यसले साह्रै खुशी बनायो ।

## खाना आउने आशमा बितेको दिन

भूमिअधिकार आन्दोलनकै क्रममा भूमिअधिकार मञ्चका अध्ययक्ष महेश बड र म देहिमाडौंको वडा नं. ५ बसै गएका थियौं । हलियाबारे छलफल गर्दागर्दै दिउसोको २ बजिसकेको थियो । महिलाहरु हलियालाई काम नगरे साहूले नानाथरी भनेर गाली गर्ने गरेको गुनासो पोख्दै थिए । आफूलाई भने भोकले निकै सताएको थियो । सबै जना अब खाना खाउँ भन्थे तर ल्याउनचाहिं कोही पनि नल्याउने । दिन त्यत्तिकै बित्यो ।

## बूढीआमैको भेउलको लठ्ठी

२०६६ सालमा विशालपुर गाविसमा प्रशिक्षण शिविरको तयारी गरियो । तयारीका लागी जिल्लाबाट म, गीता सिनाल र महेश बड ३ दिन अगाडि नै त्यसतर्फ लाग्यौं । देहिमाडौं र दुर्गास्थानको बीचमा खोला छ, जसमा झोलुङ्गे पुल छ । मलाई पुल देख्दा साह्रै डर लाग्छ । यस्तो बेलामा मेरो अनुहार अँध्यारो भएको देख्दा सबै साथी जिस्काउने गर्छन् । हिंड्दा हिंड्दा ढाड, खुट्टा दुखेर खपिनसक्नु भएको थियो । अब कसरी अघि बढ्ने भन्ने चिन्ताले सताएको थियो । शायद मेरो यही चिन्ता बुझेर होला, घाँस काटेर फर्केकी एक बूढी आमैले मलाई एउटा भेउलको लठ्ठी दिइन्, जसको सहाराले म बल्ल बल्ल त्यहाँ पुगे । धन्य ती आमै ।

## जारी छ आमाको साथ

मेरो घरमा सधैं हाम्रो कामको बारेमा पनि छलफल हुन्छ । मेरी आमा पनि हाम्रो छलफलमा सहभागी हुनुहुन्छ । यो छलफलमा आमाले जहिले पनि दाजुहरुसँग भन्नुहुन्छ कि बहिनीको काम तिमीहरुको जस्तो काम होइन, निकै महत्वको छ र गाह्रो पनि छ । यही कारण मलाई भूमिअधिकार आन्दोलनमा बढ्नका लागि भेउलको लठ्ठी थमाउने बूढी आमाहरु जत्तिकै मेरी आमाले पनि ऊर्जा दिइरहनुभएको छ । त्यसैले गन्तव्य टाढा छैन भन्ने निष्कर्षमा पुग्न थालेकी छु ।

## बैतडीदेखि दिल्लीसम्म

एकता परिषद्को आयोजनामा भारतको ग्वालियरदेखि दिल्लीसम्मको १ महिनाको पैदलयात्रा जनादेश २००७ मा बैतडीबाट सहभागी हुने मौका मिल्यो । त्यहाँको यात्रामा गरीब र आदिबासी महिला सहभागी थिए । गाउँदेखि जिल्ला र केन्द्रको एउटै किसिमको नारा थियो । समुदायका मानिस उत्साहित थिए । यो यात्राले मलाई आन्दोलनमा लाग्न थप उत्साह दियो । बैतडीबाट सुरु गर्दै काठमाडौं पुगेर यस आन्दोलनबारे बुझेकी मैले दिल्लीसम्मको यात्रामा आफूलाई निकै निखारेको अनुभव भएको छ । जसलाई म गरीब र भूमिहीनको हितका खातिर लगाउने निर्णयमा पुगेकी छु । ●

# यताउताबाट

## ● विडम्बनाको हद

भूमिसम्बन्धी विषय नेपालको इतिहासमा सबैभन्दा बढी विवादित र चर्चामा रहँदै आएको छ । हुन पनि भूमि एउटा यस्तो वस्तु हो, जुन सारा नेपालीको आधारभूत आवश्यकता र राष्ट्रिय अर्थतन्त्रको साधन बनेको छ । नेपालको मुलुकी ऐन, १९१० पछि भूमिसम्बन्धी धेरै ऐन, नियम बने, संशोधन भए, आयोग-समिति बने तर पनि समस्या जस्ताको त्यस्तै छ । भूमिसम्बन्धी नीति, नियम नभएका, नबनेका होइनन् तर तिनको कार्यान्वयन पक्ष र जवाफदेहीमा रहेको कमजोरीले देशमा दिनदिनै भूमि समस्या जटिल बन्दै आएको पाइन्छ ।

नेपालमा कतिपय पुर्ख्यौली भूमिहीन छन् भने अधिकांश कृत्रिम भूमिहीन-सुकुम्वासी बनेको अवस्था छ । भूमिहीनहरूलाई बेलाबेलामा भूमि प्रदान नगरिएको पनि होइन तर खासमा सुकुम्वासीहरूले भन्दा पहुँचवाला टाठाबाठाहरूमा नै सीमित रहन पुग्यो । यस्तै स्थितिले नेपालमा गरीब-धनीबीचको दूरी बढ्दै गएको छ भने राज्यबाट पनि देशका सबै क्षेत्रलाई भन्दा सुगम सहरबजार क्षेत्रलाई केन्द्रित गरी विकास निर्माण, उद्योग धन्दा र सुविधाजन्य आधारहरू खडा गर्नुले पनि मानिस आफ्नो थातथलो, रासोबासो छाड्दै सुगम सुविधासम्पन्न क्षेत्रको सार्वजनिक, सरकारी, निजी जमिन, बाँझो, बगर, पाखो र नदी खोला किनार क्षेत्रको भूमिमा आई टहरा बनाई बसेको पाइन्छ ।

भूमि समस्या समाधान गर्न भूमि जाँच आयोग- २००२, १३ सूत्रीय भूमिसुधारको घोषणा-२०१२, जग्गा कमोदलगायत कार्यक्रम ऐन-२०१३, बिर्ता उन्मूलन ऐन-२०१६, भूमिसुधार कार्यक्रम-२०२१ सुकुम्वासी समस्या समाधान-२०४७ र ४८, उच्चस्तरीय भूमिसुधार-बडाल) आयोग-२०५२ र ५३, जग्गा हदबन्दी कार्यक्रम-२०५५ र ५६ तथा मुक्त कमैया आयोग-२०५७ र ५८ गठन र घोषणा भएका छन् । तैपनि देशको भूमि समस्या समाधान हुन नसक्नुलाई विडम्बना नै मान्नुपर्दछ ।

*- शिवप्रसाद गौतम, गोरखापत्र*

## ● खेती लगाउन भूमिहीनलाई ऋण

भारत राजस्थानको कृषि विभागले भूमिहीन कृषक र कृषि मजदुरलाई खेती लगाउनका लागि ऋण प्रदान गर्ने भएको छ । यस्तो ऋण अरुको जमिन कुनै निश्चित सर्तमा कमाइरहेकाले पनि पाउने उसले जनाएको छ । यो ऋण उनीहरुले कृषि कर्मका लागि आवश्यक चिजविज खरीदमा प्रयोग गर्न सक्नेछन् ।

यसबाट कृषकहरुलाई कृषि सामग्री खरीदका लागि साहूहरुसँग ब्याजमा ऋण लिनु नपर्ने विभागले जनाएको छ । साथै उधारोमा सामान लिनुपर्ने अवस्थाबाट पनि उनीहरुले मुक्ति पाउनेछन् ।

तर उनीहरुले ऋण प्राप्त गर्नका लागि ५ देखि १० जनाको समूह बनाउनुपर्ने नियम बसालिएको छ । उनीहरु सबैले साँच्चै खेती गर्नेबारे विश्वास भने दिलाउन सक्नुपर्नेछ । साथै उनीहरुले आफू भूमिहीन भएको तथा अरुको जग्गा कमाइरहेकोबारे पनि अधिकारीहरुलाई विश्वस्त पार्नुपर्नेछ ।

यसरी आउने किसानले विना झन्झट ऋण पाउने व्यवस्था विभागले मिलाएको छ । उनीहरुले यसका लागि खासै औपचारिकता पेश गर्नुपर्ने छैन ।

*- समय लाइभ*

## ● वितरणमुखी भूमिसुधार जरूरी

जमिनको उपलब्धताले भूमिसुधारको सम्भावना बढाउँछ । नेपालमा व्यक्तिको निजी जमिन सरकारले लिएर भूमिसुधार गर्दा भने चुनौती सामना गर्नुपर्ने हुन्छ । अहिले धेरै जमिन टुक्रा पारिसकिएकाले हदबन्दी निर्धारण गरी बढी जमिन मात्र वितरण गरेर वितरणमुखी भूमिसुधार सफल नहुने देखिन्छ । यद्यपि हदबन्दी लगाउनुपर्ने आवश्यकता भने उत्तिकै छ । यसबाट पनि केही जमिन निस्कन सक्छ भने यसले भविष्यमा जमिन सीमित व्यक्ति वा परिवारमा केन्द्रीकृत हुनबाट रोक्छ ।

अहिले वितरणमुखी भूमिसुधार जरुरी छ । व्यवस्थित रूपमा एकपटक भूमिसुधार गरेपछि पटक-पटक गर्नुहुँदैन । अन्यथा सबै परिवार र व्यक्तिले भू-स्वामित्वको सुनिश्चितताको अनुभव गर्न पाउँदैनन्, जसले गर्दा भूमिको विकास, कृषि विकास र गरिबी न्युनीकरणमा सहयोग पुग्दैन ।

भूमिसुधारको धेरै आवश्यकता हुँदाहुँदै पनि र यसले सबैलाई (भूमिपतिलाई पनि) फाइदा पुग्ने भए पनि यसप्रति केही पहुँचवाला र निर्णय गर्नसक्ने समूहको नकारात्मक धारणा रहिआएको छ । साधारणतया यो समूह बजारबाट निर्देशित भूमिसुधारको वकालत गर्छ र केही सैद्धान्तिक मान्यताको आड लिएर वितरणमुखी भूमिसुधारको विरोध गर्छयस् । यदि, 'भूमि' पनि सम्पत्ति हो भने भूमिसुधारले 'जग्गा' मात्र बाँड्ने होइन, सहरको घर-समपत्त पनि बाँड्नुपर्छ, भूमि सम्पत्ति होइन र प्राकृतिक स्रोत हो भन्ने हो भने वितरणमुखी भूमिसुधारअन्तर्गत जमिन पाउनेवालाले स्वामित्व होइन, उपयोग अधिकार मात्र पाउनुपर्छ भन्ने उनीहरूको तर्क छ ।

*- जगन्नाथ अधिकारी, नयाँ पत्रिका*

## ● जमिन किन्न ऋण दिनुपर्छ

धेरैजसो विकासोन्मुख देशहरूमा कृषिले गरीबी घटाउन र आर्थिक बचतमार्फत्

औद्योगिकीकरण गर्नमा राम्रो मद्दत पुऱ्याएको दृष्टान्त छ। तर, नेपालमा कृषि क्षेत्र हरेक दृष्टिकोणबाट कमजोर रहेको छ। तर, यो क्षेत्रको विकास गरी नेपाललाई गरीबीको दुष्चक्रबाट मुक्त गर्न सकिने थुप्रै सम्भावना यद्यपि नभएका भने होइनन्।

हदबन्दी नतोकीकनै र जोत्नेलाई जग्गा नभनिकनै पनि भूमिहीन र सीमान्त कृषकलाई जग्गा उपलब्ध गराउन सकिने धेरै तरिका छन्। विगतमा जङ्गलले ढाकेको जमिनको ठूलो हिस्सा सुकुम्वासीलाई वितरण गरेर जग्गाको मालिक बनाइएको थियो तर अनुगमनको अभावमा धेरै सुकुम्बासीले धेरै पटक जग्गा लिए; सुकुम्बासी आयोगबाट दोहोऱ्याएर जग्गा लिनका लागि फेरि भूमिहीन भएको बहाना गरे। उद्देश्यहीन भूमि वितरण प्रक्रियाले भूमिहीनको समस्या समाधान गर्दैन भन्ने कुरा यसबाट पनि पुष्टि हुन्छ। तसर्थ दीर्घकालीन रूपमा यो समस्या समाधान गर्न भूमि ब्याङ्क स्थापना गरी किसानलाई जमिन किन्नका लागि सहुलियत दरमा दीर्घकालीन ऋण उपलब्ध गराउनुपर्छ।

*- डा. रामप्रकाश यादव, हिमाल खबरपत्रिका*

## ● २०२१ को भूमिसुधार ऐन

नेपालमा जनसङ्ख्याको ठूलो हिस्सा कृषिमा सक्रिय छ। ती कृषकहरूको खेतीपाती र आम्दानीमा निकै नै वृद्धि भएको देखिन्छ। यो वृद्धिको मूल कारण संवत् २०२१ को भदौ १ गते सुरु भएको 'भूमिसुधार ऐन' हो। त्यो ऐनले तराई र पहाडमा भू-स्वामित्वमा हदबन्दी लगाएको थियो। सत्य के पनि हो भने संवत् २०२१ मा नेपालको प्रधानमन्त्रीमा हेरफेर भएपछि भूमिसुधार ऐन निकै नै विफल हुँदै गयो। तथापि त्यो ऐनले नेपालको कृषि व्यवस्थापनमा मात्र होइन, कृषक परिवारहरूमा समेत निकै नै ठूलो परिवर्तन सुरु गरेको थियो। गाउँगाउँका किसानहरूमा उच्च शिक्षातिर आकर्षण त्यही भूमिसुधार ऐनको पछिल्लो अवधिले सुरु गरी आजसम्म कायम राखेको छ। नेपालमा भूमिहीन किसानले सुरु गरी आजसम्म कायम राखेको छ। नेपालमा भूमिहीन किसानको जनसङ् सख्या के तराई, के पहाड, निकै नै घटेको छ। त्यो ऐन प्रारम्भ हुनेभन्दा पहिलेदेखि अमेरिकाली सहायता नियोगको हेरचाह र सल्लाहमा कृषि उत्पादनको गुणस्तरमा निकै नै परिवर्तन भएर नेपालमा गहुँको कृषि विकासले राम्रो रूप लिन थालेको थियो।

*- मदनमणि दीक्षित, राजधानी दैनिक*

## ● महिलाको निर्धन अवस्था

सम्पत्तिमाथि महिलाको पहुँच पुरूषको तुलनामा कम भएको पाइन्छ। खासगरी जमिनलगायत् उत्पादनका साधनहरूमाथि महिलाहरूको पहुँच पुरूषको तुलनामा निकै नै कम रहेको पाइन्छ। आर्थिक स्रोतसम्म पहुँचको अभाव, आर्थिक अवसर र स्वायत्तताको अभाव, शिक्षा र सेवामा पहुँचको अभाव र निर्णय प्रक्रियामा अत्यन्त कम आदि विषयहरू महिलाको गरिबीसँग सम्बन्धित छन्। निर्धनताकै कारण महिलाहरू यौन शोषणबाट समेत पीडित हुन बाध्य छन्।

जमिनमाथिको स्वामित्वको हिसाबबाट विश्लेषण गर्ने हो भने जम्मा १० प्रतिशत जमिनमात्र महिलाको नाममा रहेको पाइन्छ। मुलुकि ऐन ११ औं सशोधनद्वारा छोरा र छोरी दुबैले पैतृक समपित्तमा समानता अधिकार प्राप्त गरेपनि विवाहपश्चात् फर्काउने प्रावधान थियो। सर्वोच्च अदालतमा मुद्दा परेर नजिर बनिसकेपछि अब आफूले पाएको सम्पत्ति विवाहपछि पनि फर्काउन नपर्ने भएको छ। तर नेपाली कृषक महिलामा यससम्बन्धी जानकारीको कमी रहेको पाइन्छ। ●

*- बलराम बास्कोटा, अखिल नेपाल किसान महासङ्घको वेभसाइट*

# बाँध निर्माणले जीविकाको बाटो खोल्यो

सिरहाको उत्तरी भागमा पर्ने मुक्सार गा.वि.स, चुरेसँगै २३ घर मुसहरको सानो बस्ती छ। ४८ वर्षदेखि हरुवाचरुवा गर्दै आइरहेका मुसहरहरुको मुहारमा आजभोलि खुशी देखिन थालेको छ। २०६४ सालदेखि भूमिअधिकार आन्दोलनमा सक्रिय उनीहरु दिनाभद्री गाउँ भूमिअधिकार मञ्चमा आबद्ध छन्।

गाउँमा पिउने पानीसमेत अभाव छ। त्यसैले बस्तुभाउ पालेका छैनन्। दुई वर्षदेखि स्थानीय जरुवा खोला सामुदायिक वनको खोल्सा घेरी पानी जम्मा गरी त्यही पनि प्रयोग गर्थे। यसपाली त्यो खोल्सामा बाँध हाल्न जनचेतना दलित सङ्गमबाट ४० हजार रुपैयाँ पाए। असारमा २५ हजार बराबरको श्रमदानबाट बाँध निर्माण गरेका छन्। आन्दोलन कोषका लागि जम्मा गरेको रकमबाट ८ हजार १ सय माछाको भुरा किनेर पालेका छन्। स्थानीय अगुवा झ्यामलाल सदा भन्छन्- अब गाई भैंसी पाल्नेमात्र हैन, हामीलाई माछापालन र हिउँदे तरकारी खेतीका लागि पनि बाटो खुलेको छ।

सामुदायिक वनसँगको छलफलमा ३ बिगाहा जमिनसमेत उपभोग गरेका उनीहरु बाँझो जग्गा हराभरा बनाउने भएका छन्।

सधैं अरुको हरुवाचरुवा गर्दै आएका उनीहरु अब आफैं कृषि उद्यममा लागेका छन्। भूमि आन्दोलनमा आबद्ध भएपछि ४ जनाले हरुवाही छाडेका छन्। हरुवाही छाडेर भने उनीहरुलाई चयन छैन। हरुवा छाडेकाले ठकुरीहरु आफ्नो जग्गामा बस्न नदिने सोचमा छन्। विभिन्न बहाना बनाएर उनीहरुलाई धक्याउँछन्। राजेन्द्र सदाको कथन छ- हामीले जग्गाको पैसा तिरिसकेका छौं, कहिले १ हजार, कहिले ५ सय, कसैले वर्षौं काम गरिदिएर जग्गा पाएको हो, आजभोलि भन्दाभन्दै हामीलाई लालपूर्जा बनाइदिएन, आज हटाउने कुरा गर्छ। ●



# समाजिक लेखाजोखा

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले वार्षिक सामाजिक लेखाजोखा २०६७ भाद्र ११ गते बेङ्केटस पार्टी प्यालेस, लैनचौर काठमाडौंमा आयोजना भयो। कार्यक्रममा संस्थाले वर्षभर गरेका काम, त्यसका उपलब्धि एवम् सिकाई तथा चुनौतीबारे अनुभव र विचार आदान-प्रदान गरिएको थियो। साथै आर्थिक वर्ष २०६६/६७ को बजेट र उपयोगिताबारे पनि चर्चा गरिएको थियो।

यस आर्थिक वर्षमा ५१ जिल्लामा जारी भूमि तथा कृषि अधिकार आन्दोलनमा विभिन्न कार्यक्रम सञ्चालनका लागि सहयोगी संस्थाहरुबाट रु.४५,६३४,५४७/६७ प्राप्त भएकोमा रु.३७,००८,३४६/९३ खर्च भएको जानकारी त्यहाँ दिइएको थियो। कार्यक्रममा संस्थाका सवल र कमजोर पक्षबारे पनि छलफल भयो।

सामाजिक लेखाजोखामा भूमिसुधार तथा व्यवस्था मन्त्री डम्बर श्रेष्ठ, संविधानसभा उपाध्यक्ष पूर्णकुमारी सुवेदीलगायत् विभिन्न राजनीतिक दलका प्रतिनिधिको सहभागिता थियो। केन्द्रले सामाजिक लेखाजोखा वार्षिकरुपमा गर्दै आएको छ। सामाजिक लेखाजोखामा सरकारी निकाय, नागरिक समाज, राजनीतिक दल तथा पीडित समुदायको फरक आँखाबाट आएका सुझाव संस्था र आन्दोलनका लागि निकै उपयोगी हुने गरेका छन्। प्राप्त टिका-टिप्पणीलाई संस्थाले आगामी दिनमा काम गर्ने सन्दर्भमा मार्गनिर्देशनका रुपमा मनन गर्ने जानकारी पनि आयोजकद्वारा त्यस क्रममा दिइयो। ●

# समीक्षा तथा योजना निर्माण कार्यशाला सम्पन्न

भूमि तथा कृषि अधिकार आन्दोलनको त्रैमासिक समीक्षा तथा योजना निर्माण कार्यशाला भक्तपुरमा २०६७ असार २८ देखि ३१ सम्म भयो। समीक्षा सामूहिक गीतबाट सुरु गरिएको थियो भने आत्मनिर्भर केन्द्रका अध्यक्ष रोशन चित्रकारले स्वागत गर्नुभएको थियो। कार्यक्रममा अघिल्लो समीक्षा र संयोजकहरुको समीक्षात्मक बैठकको पुनरावलोकन गरिएको थियो। प्रत्येक स्रोत केन्द्र तथा संस्थाले तीन महिनामा गरेका उपलब्धि, सिकाई, चुनौती र त्यसलाई सामना गर्ने उपायबारे प्रस्तुति गरेका थिए। समीक्षामा स्थानीय सङ्गठनका अगुवाको पनि सहभागिता थियो। ●

# ५८ औ भीमदत्त स्मृति दिवस सम्पन्न

राष्ट्रिय भूमिअधिकार मञ्च कैलालीको आयोजनामा ५८ औं भीमदत्त स्मृति दिवस सम्पन्न भएको छ। भूमिअधिकार मञ्चले यस दिवसलाई भूमिअधिकार दिवसका रुपमा मनाउँदै आइरहेको छ। स्व. पन्त सुदूरपश्चिमका किसान हुन्। उनी दलित, गरीब श्रमिकहरुको पक्षमा वकालत गर्दै सामन्ती प्रथाको विरोध गर्ने नेता थिए। अन्याय, सामाजिक भेदभाव सहन नसक्ने स्वाभावका पन्तले २००७ सालबाट आन्दोलन सुरु गरेका थिए। गरीबको पक्षमा बोल्ने पन्तलाई परिवारबाट त्यस्तो नगर्न दबाब आउँथ्यो तर उहाँ भन्नुहुन्थ्यो- म अहिले जे गर्दैछु, भोलि त्यस्तै हुन्छ। उनी अन्याय अत्याचारको विरोधी थिए। वि.सं. १९८२ मा डडेल्धुरा कारीगाउँमा जन्मेका पन्तको २०१० साल साउन १७ गते तत्कालीन बडा हाकिमले टाउको काट्न लगाई हत्या गरियो।

उक्त अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि सुकुम्वासी समस्या समाधान आयोगका जिल्ला अध्यक्ष घनश्याम भट्टराई हुनुहुन्थ्यो। कार्यक्रममा राष्ट्रिय जनमोर्चा नेपालका अध्यक्ष तिलक परियार, धनगढी नगर विकास समितिका अध्यक्ष गोविन्द राना, मुक्त कमैया समाजका अध्यक्ष पशुपति चौधरी, भूमिअधिकार अभियानका क्षेत्रीय संयोजक नरीराम लोहार, डि.डब्लु.ओ.का जगत वि.के, फेकोफोनका यादव भण्डारी, आर.डि.एन.का भीम सार्की, पीडितहरु इन्द्रलाल भण्डारी, रमा वादी, कर्ण तारामी, कलसा वि.क.ले बोल्नुभयो। मञ्चका अध्यक्ष जनार्दनप्रसाद चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको उद्देश्यमाथि जिल्ला संयोजक जवालसिंह तिरुवाले स्पष्ट पार्नुभयो। प्रेम बि.क. ले कार्यक्रम सञ्चालन गरेका थिए। उक्त कार्यक्रममा २ सय ३२ जनाको उपस्थिति थियो। ●




# लोकलाई भोक मुक्त गर्न युवा अभियान

न्याय र समानता बढाऔं, भोक अन्त्य गरौं भन्ने मूल नाराका साथ २०६७ भदौ ३१ गते लोकलाई भोक मुक्त गर्ने युवा अभियान सम्पन्न भयो। गरिबी र भोक अन्त्यका लागि विभिन्न नाराका साथ माइतीघर मण्डलाबाट र्‍याली सुरु गरी संविधान भवनअगाडि सभा गरिएको थियो। यात्रामा ६०१ जना युवाको सहभागिता थियो। युवाहरुले समयमै संविधान निर्माण गर्न दलहरुलाई आह्वान गरेका थिए।

दश वर्षअगाडि विश्वभरका नेताले सन् २०१५ भित्र गरिबी आधा झार्ने प्रतिबद्धता जनाएका थिए तर यो बीचमा गरिबी झनै बढेर गएको अवस्था छ। आज विश्वका १ अरब ५० करोड मान्छे दिनहुँ भोक सहन बाध्य छन्। नेपाल सरकारले समेत सहस्राब्दी लक्ष्य पूरा गर्ने वाचा गरेको थियो तर देशको गरिबीको स्वरुप र प्रकृति अझ गम्भीर बन्दै गइरहेकाले भोक मुक्तिका लागि युवाहरुको यो अभियानले दबाब सृजना गरेको छ।

कार्यक्रममा संविधानसभा उपाध्यक्ष पूर्णाकुमारी सुवेदीले युवाहरुको यो अभियानले गरिबी र भोका व्यक्तिहरुको जीवनस्तर उकास्न दबाब पुग्ने बताउनुभयो। उहाँले नेपालको तमाम गरिबी ग्रामीण समुदायमा रहेको बताउँदै त्यसैले गरिबी र भोकाहरुको समस्या समाधान नभई नयाँ नेपाल र विकसित समाज निर्माण हुन नसक्ने बताउनुभयो। त्यसैगरी राष्ट्रिय महिला आयोगकी सदस्य मोहना अन्सारीले नेपालमा उत्पादन गर्ने महिलाहरु नै भोकको सिकार भएका बताउँदै जसको अन्त्यका लागि महिला पुरुषको समान अधिकार र विभिन्न क्षेत्रमा महिलाको प्रतिनिधित्व गराउनुपर्नेमा जोड दिनुभएको थियो। साथै यो अभियानमा सदैव साथ सहयोग गर्ने प्रतिबद्धता पनि उहाँले जाहेर गर्नुभएको थियो।

नेपालमा समावेशी तथा लोकतान्त्रिक संविधानमार्फत् देशबाट गरिबी, असमानता, अन्याय र शोषण अन्त्य हुने आशा गरिए तापनि तोकिएको समय सीमाभित्र संविधान बन्न नसक्दा गरिबी कम गर्ने प्रतिबद्धता नै अलपत्र पर्ने देखिएको छ। सरकारले प्रस्तुत गरेको सहस्राब्दी विकास लक्ष्यसम्बन्धी सन् २०१० को प्रतिवेदनअनुसार सन् २००४ मा ३१ प्रतिशत रहेको गरिबी २०१० मा आएर २५.४ प्रतिशतमा झरेको छ। यस तथ्याङ्कलाई जनताको जीवनमा बढेको कष्टले भने पुष्टि गरेको पाइँदैन।

लोकलाई भोक मुक्त गर्ने युवाहरुको यो अभियानले ६ बुँदे मागपत्र पस्तुत गरेको थियो। जसअन्तर्गत उत्पादनका साधन मूलतः जल, जङ्गल र जमिनमा हरेक नागरिकको समतामूलक पहुँच र उपभोगको अधिकार सुनिश्चितताका साथै सुरक्षित आवास निश्चित गर्नुपर्ने, कृषि क्षेत्रमा बजेटको कम्तिमा १५ प्रतिशत लगानी गरिनुपर्ने। यस्ता बजेट र कार्यक्रमको प्रभाव सीमान्तकृत वर्ग, महिला, दलित, साना किसान, भूमिहीन, श्रमिक, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक र आदिवासीसम्म पुग्ने सुनिश्चितता गर्नुपर्ने, गरीब, सीमान्तीकृत तथा उत्पीडित वर्गको भूमिलगायत् प्राकृतिक स्रोतमाथिको पहुँच र अधिकार निश्चित गरिनुपर्ने जस्ता मागहरु प्रस्तुत गरी संविधानसभा उपाध्यक्ष पूर्णाकुमारी सुवेदीलाई हस्तान्तरण गरिएको थियो।

यो कार्यक्रमले सन् २०१० को सेप्टेम्बर २० देखि २२ सम्म न्युयोर्कमा भएको राष्ट्रसङ्घको सहस्राब्दी शिखर सम्मेलनमा राज्यले गरेको वाचा पूरा गर्न विश्वव्यापी दबाब पुग्ने आशा गरिएको छ। उनीहरुले गरेको वाचा पूरा गर्न र त्यसबाट नहट्न जिम्मेवार बनाउने महत्वपूर्ण अवसर जुराएको छ।



# जोतभोगको सिफारिस कायमका लागि गाविसस्तरीय भेला

२०६७ भदौ २२ गते बर्दियाको महमदपुर गाविसका सम्पूर्ण भूमिहीनले स्थानीय दल तथा बुद्धिजीवीसँग जोतभोगको सिफारिस कायम गराउन ७ सय जनाको सहभागितामा गाविसस्तरीय भेला तथा खबरदारी सभा सम्पन्न गरेका छन् ।

खबरदारी सभामा जिल्लामा पहिला पनि आयोग बन्दै आएका तर त्यसबाट धेरैजसो फाइदा लिनेमा हुने/खाने वर्गमात्र परेको हुँदा अब यो आयोगले पनि पहिलेकै रवैया देखाएमा त्यसलाई रोक्नका लागि आफूहरु जस्तोसुकै मूल्य पनि चुकाउन तयार रहेको दललाई जानकारी गराएका थिए । जिल्ला आयोगमा दैनिक गरिएको निरीक्षणमा निवेदन दर्ता गर्न पनि हुने/खानेहरुकै भीड देखिएको उनीहरुले बताएका थिए ।

जो वास्तविक सुकुम्बासी हो, त्यसलाई कहाँ छ आयोग ? के प्रक्रिया अपनाए निवेदन दर्ता हुन्छ भन्नेसमेत केही थाहा छैन उनीहरुलाई । दैनिक मजुरी जाने र आफ्नो परिवार पाल्नमा नै फुर्सद छैन उनीहरुलाई । यदि गाविस ले ऐलानी जमिन जोतभोगको सिफारिस दिने समयमा राम्रोसँग सर्जमिन नगरी दिएमा र सो ऐलानी जमिनको जोतभोगको सिफारिस जमिन हुने व्यक्तिले पाएको फेला पर्न गएमा यहाँकै दलले प्रमाणीकरण गरेका ७ सय १७ घर भूमिहीन गाविस सचिव र नेताहरुको जमिन जोत्ने र त्यसैमा घर-टहरासमेत बनाउने चेतावनी उनीहरुले दिएका थिए ।

सबै दलको भाषा एकै थियो कि पहिलेको आयोगबाट गल्ती कमजोरी भएको तर अबका दिनमा आफूहरुबाट त्यो काम नदोहोरिने र अब ऐलानी जमिनको जोतभोगको सिफारिस भूमिहीनभन्दा अर्को व्यक्तिले पाउने छैन । यस कुरामा ढुक्क हुन उनीहरुले भूमिहीनसँग कार्यक्रममा आग्रह गरेका थिए ।

# अधिकारमुखी विकास पद्धति र गरिबी विश्लेषण तालिम

अधिकारमुखी विकास पद्धति र गरिबी विश्लेषण तालिम दाङको टारिगाउँमा २०६७ मंसिर ४ देखि ७ गतेसम्म भयो । भूमिअधिकार आन्दोलनअन्तर्गत दाङ, सल्यान र कपिलवस्तुका १४ महिलासहित ३० जना जिज्ञासु अगुवा, अभियानकर्ता र प्रत्यक्ष पीडा भोगेकाको सहभागिता थियो ।

तालिम अधिकारमुखी विकास पद्धति, जनमुखी शिक्षा, गरिबी विश्लेषण, अगुवाको भूमिका र कार्य पद्धतिलगायत भूमि आन्दोलनका विषयमा केन्द्रित थियो । तालिममा महसुसीकरण, सृजनात्मक अभ्यास र विकल्पक खोजी गर्ने प्रकृयामा अभ्यास गरिएको थियो । तालिममा भूमि सिकाई केन्द्रमा भएका उपलब्धि, सिकाई, प्रयोग भएका औजार र चुनौती र विकल्पको बारेमा समीक्षात्मक अभ्यास पनि गरियो ।

भूमि सिकाई केन्द्रलाई प्रभावकारी बनाउन समूहगत वातावरण, भलाकुसारी वा सुरुवात, सवाल छनौट र प्राथमिकता निर्धारण, समस्या समाधानका उपायको खोजी, केन्द्र बाहिर छलफल, योजना निर्माण, कार्यान्वयन र अनुगमन मूल्याङ्कनलगायतका विषयमा अभ्यास गरी छलफल भएको थियो । तालिमको सहजीकरण जगत देउजा, लालमणि भण्डारी र आशाराम चौधरीले गर्नुभएको थियो ।

# गरिबी अन्त्यका लागि जागौं, केही गरौं

जागौं केही गरौं, दिगो शान्तिका लागि गरिबी हटाउन आवाज उठाऔं' भन्ने नारका साथ २०६७ असोज १ देखि ३ सम्म सर्लाही, महोत्तरी, सिरहा, सप्तरी, मोरङ, रुपन्देही, कपिलवस्तु, दाङ, कैलाली, कञ्चनपुर, बाँके, बर्दिया र पर्वतका भूमिहीन किसानले हलो-जुवासहित ऱ्याली निकाले । कृषि औजार, भाडा वर्तन लिएर आएका उनीहरुले गरिबी र भोक अन्त्यका लागि आवाज निकालेका थिए । नयाँ संविधान र राजनीतिक स्थिरताविना गरिबी सम्बोधन हुन नसक्ने भन्दै उनीहरुले सम्पूर्ण सभासद् र राजनीतिक दललाई संविधान निर्माणमा केन्द्रित हुन तथा गरिबी अन्त्य एवम् भोकबाट मुक्तिको सुनिश्चितताका लागि संविधानको मौलिक हकमा व्यवस्था गर्न माग गरे ।




उनीहरुले नयाँ संविधानमा भोक तथा कुपोषणबाट मुक्तिको अधिकार, भोकबाट मृत्यु भएका परिवारलाई राहत, उचित रोजगार र सुरक्षित आवासको व्यवस्था, बजेटको कम्तीमा १५ प्रतिशत कृषि क्षेत्रमा लगानी गरी साना तथा दिगो कृषिका लागि जोड दिनुपर्ने, सीमान्तकृत वर्ग, महिला, दलित किसान भूमिहीन, श्रमिक अपाङ्गता भएका व्यक्ति अल्पसङ्ख्यक र आदिवासीका लागि लक्षित कार्यक्रम ल्याउन माग गरेका थिए ।

# उखडापीडित किसानद्वारा मालपोतमा धर्ना

वैज्ञानिक भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयन गरिनुपर्ने, नेपाल सरकार र राष्ट्रिय भूमिअधिकार मञ्च नेपालबीच भएका सम्झौताको कार्यान्वयन, नयाँ बन्ने संविधानमा भूमिअधिकारको ग्यारेन्टी गरिनुपर्ने लगायत सात सुत्रीय माग राख्दै रुपन्देहीका भूमिहीन किसानले कात्तिक २८ देखि मङ्सिर २ सम्म जिल्ला मालपोतमा धर्ना दिए ।




राष्ट्रिय भूमिअधिकार मञ्च रुपन्देही र उखडापीडित किसानको अगुवाईमा सुरु अनिचिश्तकालीन धर्नामा जिल्लाका सयौं महिला, पुरुष, युवा तथा वृद्धसमेत सहभागी थिए । धर्ना कार्यक्रमलाई सफल बनाउन भन्दै सहभागीले दाल, चामल, भुजा र चिउरासमेत जोहो गरेका थिए ।

उच्चस्तरीय भूमिसुधार आयोगले सरकारलाई बुझाएको प्रतिवेदन कार्यान्वयन नभएको, सुकुम्बासी समस्या समाधान गर्न बनेको जिल्ला आयोगले प्रभावकारी काम नगरेको, गत वर्ष उखडा जग्गाबारे मालपोतमा पेश गरिएका ७ सय ६९ वटा निवेदनको हालसम्म छिनोफानो नगरिएकाले उनीहरु आन्दोलन गर्न बाध्य भएका हुन् ।

मङ्सिर २ गते राजनीतिक दलका प्रतिनिधि, सुकुम्बासी समस्या समाधान आयोगका अध्यक्ष, सहायक प्रमुख जिल्ला अधिकारी, मालपोत कार्यालय प्रमुख र धर्नाकारीबीच उखडा जग्गाबारे मालपोतमा परेको निवेदन छानवीन गर्नेलगायत ६ बुँदे लिखित सहमति भएको छ ।

# निरन्तरको प्रयासले सफल बनायो

बर्दियाको भूमिअधिकार आन्दोलनलाई मगरागाडी गाविसका संगठनले महत्वपूर्ण सहयोग गरिरहेका छन् । यही गाविस-६ मा पर्ने झर्निया भूमिअधिकार मञ्च गाविसकै उदाहरणीय छ । २०६५ वैशाख २५ गते सिउनिया मध्यवर्ती वन समितिको मातहतको खाली अनुमानित २५ बिगाहा जमिनमा १०७ घरधुरी बस्ती बसेको थियो । त्यहीँबाट भूमिअधिकारबाट वञ्चितहरु सङ्गठित हुन थालेका थिए ।

कृषि मजदुर सङ्घका जिल्ला अध्यक्ष जलवीर थारुले जिल्लामा भूमिअधिकारसम्बन्धी काम गर्ने भूमिहीनहरुको सङ्गठन छ, त्यसैसँग हातेमालो गरेमा तपाईंहरुलाई सजिलो हुन सक्छ भन्ने सल्लाह दिए । त्यसैअनुरुप जिल्ला भूमिअधिकार मञ्च गुलरिया गई सबै कुरा राखेपछि मञ्चका पदाधिकारीले धेरै पटक बस्ती अनुगमन गरे । धेरै पटकको अवस्था विश्लेषणपछि मात्र २०६५ भदौ २३ गते झर्निया भूमिअधिकार मञ्च गठन भयो ।

सङ्गठन निर्माण त गरियो तर पनि ढुक्कसँग बस्न पाइने अवस्था थिएन । भूमिहीनहरु सङ्गठित भएकाले सबैलाई डाह भएको थियो । गाउँका जमिन्दार कहलिएका व्यक्तिहरुले सामुदायिक वनका अध्यक्षलाई उचालेर बर्दिया राष्ट्रिय निकुञ्जमा वन क्षेत्रमा बसी क्षति पुऱ्याएको आरोप लगाई मुद्दा हाल्न लगाए । ३ पटकसम्म सङ्गठनका अध्यक्ष दुर्गाबहादुर थापालाई कारबाहीका लागि भन्दै निकुञ्जमा झिकाइयो । सङ्गठनमा धेरै पटक सरोकारवालासँग अन्तरक्रिया तथा सम्वाद भयो । ११ दिनसम्म सङ्गठनले वन समितिको कार्यालयमा गरिएको तालाबन्दीपछि बर्दिया निकुञ्जबाट वनको अध्यक्षले मुद्दा झिके । त्यो नै हाम्रा लागि पहिलो सफलताको सिँढी थियो ।

फेरि सिउनिया सामुदायिक वनसँग अर्को लडाईं भयो । पछि सामुदायिक वन र सङ्गठनको सहमतिमा राज्यले अर्को विकल्प नगर्दासम्म कुनै दखल नदिने सहमति भई त्यहाँका भूमिअधिकारबाट वञ्चितहरुलाई वन क्षेत्रमा बस्न दिने निर्णय भयो ।

अहिले हाम्रो आफ्नै बैठक घर छ । बैठक घरका लागि केही फर्निचर आवश्यक देखिएकाले हामी बसिरहेकै सामुदायिक वनसँगको छलफलपछि ३६ क्युफिट काठ पाउन सफल भइयो । त्यसबाट १४ कुर्सी, १ दराज, १ टेबुल बनाएका छौं । आन्दोलन सशक्त बनाउनका लागि बनाइएको आन्दोलन कोषमा अहिले ९ हजार १ सय २५ रुपियाँ सङ्कलन गरेका छौं । १ बिगाहा १० कट्ठामा सामूहिक खेती गरेका छौं । सो खेतीबाट १० क्विन्टल धान उत्पादन भएको छ । १६५० का दरले बिक्री गर्दा यसबाट १६,५०० रुपिया प्राप्त भएको छ । यो आम्दानीलाई समेत आन्दोलन कोषमा राख्दा २५,६२५ रुपियाको कोष भएको छ ।

पहिला हामीलाई यी गरीबले के गर्न सक्छन् भन्ने तिनै जमिन्दार आज हामी र हाम्रो शक्तिसँग डराउँछन् । जसलाई जे अप्ठ्यारो पर्छ, १०७ नै घरधुरी एकै पटक सहभागी हुने गरेका छौं । त्यसले समाजमा अझ बढी प्रभाव पारेको छ । सङ्गठनमा ५ पटक शिविर सञ्चालन गरियो । यसले गर्दा हामीमा भूमिअधिकार र सङ्गठनबारे थप जानकारी मिलेको छ । गाविसमा हुने सबैखाले कार्यक्रममा पत्राचार गरी बोलाउने र बोल्ने मौका दिन थालेका छन् । हिजोका विरोधीहरु आज सहयोगी भएका छन् । भूमिअधिकारप्रतिको भ्रम चिर्न सफल भएका छौं । हिजो आफ्नो जमिन खोस्ने हुन कि भन्नेहरु आज भूमिअधिकारको लडाई राज्यसँगको हो भनी बुझ्न थालेका छन् । यो सङ्गठन र बस्तीलाई यहाँसम्म ल्याउन जिल्ला मञ्चको ठूलो भूमिका छ । कृषि मजदुर सङ्घका अध्यक्षले भनेको सत्य रहेछ भन्ने अहिले थाहा भयो ।

पहिला १०७ घरधुरी मात्र छौं जस्तो लाग्थ्यो । अहिले बर्दियाका सबै भूमिहीन सँगै छौं । पहिला कसरी आन्दोलन गर्ने होला, आन्दोलन गरे सफल भइँदैन कि जस्तो लाग्थ्यो । अब सबै जना एक ढिका, एक मन भए के हुँदैन र जस्तो लाग्छ । अहिले सिउनिया मध्यवर्ती सामुदायिक वन समितिको अध्यक्षको दावेदार पनि हाम्रो सङ्गठनबाट खडा गरेका छौं । सायद जित्न पनि सकिने अवस्था छ । सामुदायिक वनमा हाम्रो पहुँच भएपछि त्यसलाई अझ हराभरा बनाउने अठोट लिएका छौं । ●



*- झर्निया भूमिअधिकार मञ्च*
*मगरागडी-६, बर्दिया*

# भूमिको महत्व बुझाउने पुस्तक

भूमि, कृषि र सहकारीका अनुभवी केशव बडालले लेखेको भूमि र कृषिको अर्थराजनीति पुस्तक प्रकाशन भएको छ । उत्पादनको साधन भूमि र उत्पादक शक्ति कृषिलाई आधार बनाएर गरिने विकासले मात्र आर्थिक तथा सामाजिक रुपान्तरणको जग बस्ने विश्लेषण पुस्तकले गरेको छ ।

आङ्कडा र संयोगहरुको प्रस्तुति पुस्तकमा निकै छ । जसले पुस्तकलाई विश्वसनीय बनाउन सघाएको छ । साथै भूमि तथा कृषिसुधारले समाजमा विद्यमान अन्याय र शोषण कसरी कम हुन्छ ? उत्पादन वृद्धिमा कस्तो असर पुग्छ ? भन्ने जस्ता विश्लेषण पनि लेखक बडालले गर्न भ्याएका छन् ।

राजनीतिक दल र त्यसका किसान सङ्गठनहरुले जति पछि भयो उति यो मुद्दा बिर्सदैं गएका देखिन्छ । यस्तो सन्दर्भमा आएको पुस्तकले दलहरुले गरेका वाचा स्मरण गराउने प्रयास पनि गरेको छ । खासगरी उनी आबद्ध एमाले पार्टीको यससम्बन्धी कदमहरु सविस्तार उल्लेख छ । किसान मार्चहरु र विभिन्न स्थानमा भएका किसान आन्दोलनहरुको चर्चाले भूमि आन्दोलन बुझ्न मद्दत गर्छ ।




लेखक आफैं महिनौंसम्म मेची महाकाली यात्रामा हिँड्दा देखेका, भोगेका र सुनेका विषयमात्र हैन, २०५१ सालमा उच्चस्तरीय भूमि आयोगको अध्यक्ष हुँदा तयार पारिएको प्रतिवेदनबारे पनि पुस्तकले कुरा उठाएको छ । सरोकारवालाहरुसँग जोड्दै गरिएका विश्लेषणले उठान गरिएका विषयवस्तुको महत्व झल्किन्छ । अनि कहाँ कसका लागि के गर्नु आवश्यक छ भन्ने जानकारी पनि पुस्तकले प्रदान गरेको देखिन्छ ।

भूमि र कृषि सुधारका उपाय सुझाइएका यस पुस्तकमा बडाल आयोगले सिफारिस गरेका थुप्रै बुँदा अहिले पनि सान्दर्भिक भएको उल्लेख छ । साथै कार्यक्रमहरु एकिकृतरुपमा सञ्चालन गरिएमात्र तिनले अपेक्षित नतिजा हासिल गर्नेमा पनि पुस्तकले वकालत गर्न भ्याएको छ । आर्थिक सामाजिक रुपान्तरणका लागि भूमिसुधार नै दिगो हुने उनको निष्कर्ष छ भन्दा फरक पर्दैन । जसका लागि उनले विकेन्द्रित भूमिसुधारमा जोड दिएका छन् । ●

# सामाजिक लेखाजोखा




लोकतान्त्रिक अभ्यास र उत्तरदायित्वको मूल्य, मान्यता र सिद्धान्तबाट निर्देशित भएकै कारण सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले वर्षैपिच्छे सामाजिक लेखाजोखा कार्यक्रम आयोजना गर्ने गरेको छ । यही कार्यक्रममा भएका तमाम कुरा समेटेर तयार पारिएको पुस्तक नै सामाजिक लेखाजोखा हो । जसमा कार्यक्रमका अवसरमा भूमिहीन, आयोजक, विज्ञ तथा अन्य उपस्थितले राखेका जिज्ञासादेखि त्यहाँ भएका समग्र कुराको जानकारी उल्लेख छ ।

आफ्ना गतिविधि पारदर्शी होउन् र आफ्ना कामबाट सृजित नतिजाबारे सम्बन्धितहरु जानकार होउन् भन्ने उद्देश्यले कार्यक्रममा के के भयो र कसकसले के के भने भन्नेबारे सबैलाई जानकारी उपलब्ध गराउन पुस्तकका रुपमा यसलाई बाहिर ल्याइएको हो । जसबाट भूमिहीनदेखि नीति निर्माता हुँदै सम्पूर्ण सम्बन्धितहरु यसबारे जानकार हुने अपेक्षा पुस्तक प्रकाशक केन्द्रको छ ।

सामाजिक लेखाजोखाका क्रममा केन्द्रको संस्थागत सुशासन, नीति, नियम र प्रक्रिया, त्यस अवधिमा सञ्चालित गतिविधि र यसले जनताको जीवनमा पारेको प्रभावबारे चर्चा भएको थियो । यो लगायत् कामका लागि गरिएको खर्च र त्यसका स्रोत अनि संस्थाले हासिल गर्न नसकेका कुराबारे पनि यसमा उल्लेख छ । यसैगरी संस्थागत मूल्याङ्कन गर्ने स्वतन्त्र विज्ञबाट कार्यक्रम, संस्थागत अवस्था र वार्षिक लेखापरीक्षण गर्ने लेखापरीक्षकबाट वित्तीय व्यवस्थापनका सबल र सुधार गर्नुपर्ने विषयमाथि लेखाजोखामा पारिएको प्रकाश पनि पुस्तकले समेटेको छ ।

संस्थाले काम गर्ने प्रक्रियादेखि खर्चको पारदर्शितासमेत पुस्तकमा उल्लेख छ । सरोकारवाला निकायका आलोचनात्मक टिप्पणीदेखि भूमिअधिकार आन्दोलन कुन बाटोमा हिँडाउनु उत्तम होला भन्नेसम्मका विचार यसमा सङ्कलित छ, जुन कार्यक्रममा उठेका थिए । समग्रमा यो कार्यक्रममा आउन नसकेका तर मुलुकको भूमिअधिकार आन्दोलनबारे जान्न चाहने सबैलाई पुस्तकले यो अवसर उपलब्ध गराएको छ । यस्तै कार्यक्रम गर्न चाहने तथा अभिलेखहरु सङ्कलनमा रुचि राख्नेहरुलाई पनि पुस्तकले गुन लगाउने पक्का छ । ●

# पाठकको पातो




## ● सबैले समयमै पढ्न पाउने वातावरण बनाउ

यो भूमिअधिकार बुलेटिन हामी जस्ता भूमिहीन विपन्न वर्गका लागि पठनीय छ । यो बुलेटिनको माध्यमले भूमिअधिकार विषयमा विचार निर्माणमा धेरै सहयोग पुग्ने विश्वास गरेको छु । यसले धेरै कुरा समेट्ने प्रयास गरेको छ । यसले भूमिको सवालमा एउटा स्पष्ट योजना प्रस्तुत गरेको छ । तर यो बुलेटिन समयमा पाइँदैन । त्यसैले सबैको सहज उपलब्धताको वातावरण बनाउँदै राजनीतिक दलका कार्यालयहरुमा समेत पुग्ने वातावरण बनाउनुपर्छ किनभने राजनीतिक दलका नेताहरुले हामी भूमिहीनहरुलाई सधैं नै ठगे । त्यसैले उनीहरुले पनि हाम्रा मुद्दा र आन्दोलन तथा स्थितिबारे थाहा पाउन् र उनीहरुको घैंटोमा पनि घाम लागोस् ।

मलाई लाग्छ, विश्लेषणात्मक तथा विचारप्रधान बुलेटिन ती राजनीतिक दलहरुको कार्यालयमा पुर्‍याउन जरुरी छ । अनि साँच्चै गरीबको पीडा, नूनपानी खाएर कटाएको रातको पीडा बुझ्थे कि ? अनिमात्र भूमिअधिकार मञ्चले आयोजना गरेको सभा, अन्तरक्रियामा बोलेको प्रतिबद्धता पूरा गर्थे कि ? साँच्चै भन्दा नेताहरुमा विचारकै खडेरी छ । भूमिहीनहरुलाई मुखले ठीक्क पारे पनि व्यवहारमा भूमिपतिकै सेवा गर्ने कुरा गर्छन् त्यसैले उनीहरु । त्यसैले हाम्रो यो बुलेटिन नेताहरुको पहुँचमा पनि पुर्‍याउनै पर्छ । यसले पो नेताहरुको कुरा गराई र काममा एकरुपता ल्याउँथ्यो कि ?

**समस्तीलाल आले**
जिल्ला भूमिअधिकार मञ्च, सिरहा

## ● कुरो बुझिएन है

म लगातार भूमिअधिकार बुलेटिन पढ्ने गर्छु । यसमा लगातार नै भूमिहीनका समस्या पनि दिइएका हुन्छन् । तर भूमिहीन र भूमिअधिकारबाट वञ्चितका यस्ता समस्या समाधानका लागि सरकारी अधिकारी तथा नेताहरुले के गरेका छन् वा उनीहरुको विचार के छ त भन्नेबारे जान्न पाइएन । त्यसैले यही पत्रिकामा उनीहरुको अन्तर्वार्ता, लेख आदि मगाएर राख्न सकिन्न ? त्यसो भयो भने उनीहरुको धारणा पनि जान्न पाइन्थ्यो । नत्र यो त एकपक्षीय धारणाको वकालतकर्ता मात्र भएन र ?

अर्को कुरा यो पत्रिकाको कसरी ग्राहक बन्न सकिन्छ वा कहाँ कहाँ किन्न पाइन्छ भनेर जानकारी पनि राखे हुन्थ्यो नि । आफूले थाहा पाएका कुरा अरु सबैले थाहा पाएका हुन्छन् भन्ने मानसिकताले अभियान अघि बढ्दैन । त्यसैले आफूलाई थाहा भएको धेरै कुरा अरुलाई थाहा छैन भन्ठानेर ती कुरा पनि जानकारीका रुपमा सार्वजनिक गर्ने व्यवस्था अपनाउन सके सबैको भलो हुने थियो ।

**तृप्ती अधिकारी**
अर्घाखाँची

## ● हाम्रो पत्रिका

हामी भूमिअधिकार मञ्चमा नियमित छलफल गर्छौं । छलफलमा भूमिअधिकार पत्रिकामा भएका हामी दुःखी पीडितका कथा व्यथा र हाम्रो जस्ता सङ्गठनले गरेका गतिविधि बारे सुन्न पाउँछौ र छलफल पनि गर्छौं । यसमा लेखेको कुरा सुन्दा आफ्नै दुःख पढे जस्तो लाग्छ । यसका लेख र विषयवस्तुले हामीलाई जागरुक बनाएको छ । पूर्वमा भएका सङ्गठनले गरेका गतिविधि हामीले थाहा पाएका छौं । हाम्रो यो बस्तीमा नीति निर्माणमा बसेका ठूलाबडाहरु त आउँदैनन् तर हाम्रो बारेमा र हामीले बोलेका कुरा यसमा छ । यसले पनि उनीहरुलाई दाबाव दिन थप मद्दत पुग्नेछ । त्यसैले यो हाम्रो पत्रिका हो भन्ने लाग्छ ।

**पार्वती राजी**
बानियाभार, बर्दिया

## ● पढ भूमिअधिकार

अहिले मलाइ कसैसँग लाग्दैन डर
नचाहिँदो मैले के गरेकी छु र
भूमिअधिकारले सबलाई दिन्छ भर
नत्र त्यसै अधिकार कहाँ पाइन्छ र

सङ्गठित होऊ, लाग खोज्न अधिकार
भूमिहीनहरु अब तोड अन्धकार
यस्तै हो अधिकार नखोजी पाइन्न
लगातार दिनुपर्छ यसैमा ध्याउन्न

हाम्रो बल सङ्गठन, विचार र जन
यति भए आफैं जुट्छ आवश्यक धन
भूमिअधिकारले सबैको खोलेकै छ आँखा
नियमित पढ् यसलाई, अनि भइन्छ जागा

**रत्नमाया मगर**
मूलपानी, बाग्लुङ

## सूचना

यो पत्रिका तपाईंलाई कस्तो लाग्यो ? तपाईंले पनि भूमिअधिकार वा यो विषयसँग सम्वन्धित केही लेख्नुभएको छ ? तपाईंका गाउँठाउँमा पनि भूमिसम्बन्धी समस्या छन् ? हामीलाई पठाउनुहोस् । छोटा, मीठा र स्तरीय तथा गाउँघरका समस्याले प्राथमिकता पाउनेछन् । तपाईले पठाएको सामग्रींसँग सम्वन्धित तस्विर छन् भने त झनै राम्रो भयो ।

पठाउने ठेगाना : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, भूमिघर, धापासी
फोन नं. : ४३६०४८६, ४३५७००५ फ्याक्स : ४३५७०३३, पो.ब.नं. : १९७९०
ईमेल : landrights@csrcnepal.org

# हाम्रा पछिल्ला प्रकाशनहरू

